# जिल्लास्तरीय
# खाद्य सुरक्षा अनुगमन

## स्रोत पुस्तिका



नेपाल सरकार
**कृषि तथा सहकारी मन्त्रालय**
तथा
संयुक्त राष्ट्र संघ
**विश्व खाद्य कार्यक्रम**

# जिल्लास्तरीय
# खाद्य सुरक्षा अनुगमन

## स्रोत पुस्तिका

नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
तथा
संयुक्त राष्ट्र संघ
विश्व खाद्य कार्यक्रम

**नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय तथा संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम**
**जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन, स्रोत पुस्तिका (सन् २००९ जुन)**

**प्रकाशक** : नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय र संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम

**सर्वाधिकार** © : सर्वाधिकार सुरक्षित गरिएको छ । यस पुस्तिकामा प्रकाशित सामग्रीहरू साभार गरी कुनै भाग वा पूर्णरूपमा गैरव्यापारिक तथा शैक्षिक प्रयोजनको लागि स्रोत उल्लेख गरी प्रयोग गर्न प्रकाशक संस्थाहरूले स्वीकृति प्रदान गरेको छ । तर व्यापारिक प्रयोजन वा मुनाफाको लागि प्रकाशकको स्वीकृति विना यस पुस्तिकाको कुनै पनि भाग कुनै पनि रूपमा पुनः प्रकाशन वा प्रयोग गर्न पाइने छैन ।

**सुझाव तथा थप जानकारीका लागि** :

- डा. धनराज रताला drratala@yahoo.com
- डा. हरि दाहाल drdahal_h@yahoo.com
- सिमोन होलेमा siemon.hollema@wfp.org
- मारीको कावाबाता mariko.kawabata@wfp.org
- डा. कृष्ण पहारी krishna.pahari@wfp.org
- पुष्प श्रेष्ठ pushpa.shrestha@wfp.org

**आवरण तस्विर** : जेम्स् ज्याम्ब्रोनी र बसन्त आचार्य

**डिजाइन तथा मुद्रण** : **wps**, tel: +977-1-5550289, email: printnepal@gmail.com

यो पुस्तिका जर्मन गुणस्तर सुधार सहयोग कार्यक्रमको आर्थिक सहयोगमा प्रकाशित गरिएको हो । यस पुस्तिकामा समावेश गरिएका विधि तथा औजारहरू पाँचथर, ताप्लेजुङ र संखुवासभा जिल्लाहरूमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू, जिल्ला विकास समितिका कार्यालयहरू र जिल्ला कृषि विकास कार्यालयहरूको सक्रिय सहयोग र सहभागितामा स्थलगत परिक्षण गरिएका हुन् । यस पुस्तिकालाई प्रकाशन योग्य बनाउने कार्यमा चन्द्रबहादुर थापा, पुष्प श्रेष्ठ, डा. कृष्ण पहारी, माधव कार्की र कि-फङ न्गुयनको उल्लेखनिय भूमिका रहेको छ । पुस्तिकाको प्रकाशन कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण संघसंस्था र व्यक्तिहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

नेपाल सरकार
**कृषि तथा सहकारी मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल
**फोन** : ९७७-१-४२११६८७
**फ्याक्स** : ९७७-१-४२११८३९
**इमेल** : agribusiness@moac.gov.np
**वेबसाईट** :www.moac.gov.np

संयुक्त राष्ट्र संघ
**विश्व खाद्य कार्यक्रम**
चाकुपाट, पाटनढोका, ललितपुर
पोबनं. १०७, काठमाडौं, नेपाल
**फोन** : ९७७-१-५५४२६०७
**फ्याक्स** : ९७७-१-५५२४१०१
**वेबसाईट** :www.wfp.org

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:-

मिति २०६६/२/२१

# मन्तव्य

गरिबी निवारण र खाद्य असुरक्षाको सम्बोधन नेपाल सरकारको उच्च-प्राथमिकताको विषय रहेको छ । अन्तरिम संविधानमा सम्पूर्ण नेपाली नागरिकको खाद्य वस्तु-माथिको अधिकार समावेश गरिएको छ र नेपालको योजना निर्माणको इतिहासमा पहिलो पटक तीन वर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) मा खाद्य सुरक्षा सम्बन्धी एक अध्याय समावेश गरिएको छ ।

खाद्य असुरक्षाको सम्बोधनका लागि विभिन्न मन्त्रालय र नेपाल सरकारको विभिन्न विभागहरूका साथसाथै राष्ट्रिय-अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको समन्वयात्मक प्रयास अत्यावश्यक छ । यी प्रयासहरूलाई संयोजन गर्ने जिम्मेवार मुख्य सरकारी संस्था राष्ट्रिय योजना आयोगको हो ।

कृषि उत्पादन प्रवर्द्धन जुन खाद्य सुरक्षाका लागि अति-महत्वपूर्ण छ त्यसका लागि कृषि तथा सहकारी मन्त्रालय प्रमुख रूपमा उत्तरदायी छ । जनताका विभिन्न आवश्यकताहरू सम्बोधन गर्ने प्रयासहरूमा नेपाल सरकारलाई संयुक्त राष्ट्र संघ लगायत विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूद्वारा समर्थन र सहयोग प्राप्त छ । यसै सन्दर्भमा विश्व खाद्य कार्यक्रमले नेपालको गरिब र नाजुक जनताहरूका लागि ४० वर्ष भन्दा पहिलेदेखि सहयोग पुऱ्याउँदै आईरहेको छ ।

खाद्य असुरक्षा सम्बोधनका लागि को, कसरी, कहाँ, कहिले र किन मानिसहरू खाद्य असुरक्षित छन्, भन्ने जान्नु आवश्यक छ । तसर्थः यी आधारभूत प्रश्नहरूको उत्तरका लागि व्यवस्थित, सामयिक र भरपर्दो सूचना प्रणाली आवश्यक छ । राष्ट्रिय खाद्य सुरक्षा अनुगमन प्रणाली स्थापनाका लागि स्थानीय स्तरमा खाद्य सुरक्षा अनुगमन र विश्लेषण गर्न कृषि तथा सहकारी मन्त्रालय र संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रमको संयुक्त प्रयासमा जिल्ला खाद्य सुरक्षा सञ्जालको स्थापना हुनु महत्वपूर्ण कदम हो ।

जिल्ला खाद्य सुरक्षा अनुगमनका लागि यो पुस्तिका र यसको समपूरक प्रशिक्षक निर्देशिकाले जिल्ला खाद्य सुरक्षा सञ्जाललाई स्थानीय खाद्य सुरक्षा स्थितिको प्रभावकारी अनुगमनका लागि सहयोग गर्ने छ र साथै भरपर्दो राष्ट्रिय खाद्य सुरक्षा सूचना प्रणालीमा योगदान गर्नेछ भन्ने आशा राखेको छु ।

यो महत्वपूर्ण प्रकाशनका साथै नेपालको खाद्य असुरक्षा सम्बोधनमा वहाँहरूको विभिन्न संयुक्त प्रयासका लागि म कृषि तथा सहकारी मन्त्रालय र संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रमलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

# भूमिका

यो जिल्ला खाद्य सुरक्षा अनुगमन पुस्तिका प्रकाशन गर्न पाउँदा हामी कृषि तथा सहकारी मन्त्रालय र संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम हर्षित छौं । विशेषतः यस पुस्तिकाले जिल्ला स्थित सरकारी कर्मचारी र खाद्य असुरक्षा सम्बोधनमा संलग्न व्यक्तिहरूका लागि जिल्ला स्तरमा खाद्य सुरक्षा अनुगमन कसरी सञ्चालन गर्ने भन्ने आधारभूत ज्ञान प्रदान गर्नेछ भन्ने हाम्रो विश्वास छ ।

यस पुस्तिकाको समपूरकको रूपमा, जिल्ला खाद्य सुरक्षा अनुगमनको लागि प्रशिक्षकको निर्देशिका-समेत प्रकाशित गरिएको छ । प्रशिक्षकको निर्देशिकाले तालिम सहजकर्तालाई जिल्ला खाद्य सुरक्षा अनुगमन तालिमको योजना बनाउन र सञ्चालन कसरी गर्ने भन्ने बारे मार्ग निर्देश प्रदान गर्दछ ।

यी प्रकाशनहरू कृषि तथा सहकारी मन्त्रालय र संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रमको दुई वर्ष-भन्दा बढीको संयुक्त प्रयास पश्चात् प्रकाशनमा आएको हो । कृषि तथा सहकारी मन्त्रालय र संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रमको प्रयासमा श्रृंखलाबद्ध एवं संयुक्त रूपमा बाली तथा खाद्य सुरक्षा अध्ययन गर्ने कार्य र राष्ट्रिय स्तरमा संयुक्त बजार अवलोकन प्रणाली स्थापना गर्ने कार्य समेत भएको छ । साथै जिल्ला स्तरमा खाद्य सुरक्षा अनुगमन तथा विश्लेषणका लागि जिल्ला खाद्य सुरक्षा सञ्जालको स्थापना गर्ने कार्य आरम्भ भएको छ । यी जिल्ला खाद्य सुरक्षा सञ्जालहरू वास्तविक रूपमा राष्ट्रिय खाद्य सुरक्षा सूचना प्रणाली स्थापना गर्ने पहिलो कदम हो ।

यो अनुगमन पुस्तिका र प्रशिक्षकको निर्देशिकाले जिल्ला खाद्य सुरक्षा सञ्जालको क्षमता विकासमा सहयोग गर्ने छ साथै प्रभावकारी र भरपर्दो राष्ट्रिय खाद्य सुरक्षा अनुगमन प्रणालीमा योगदान गर्नेछ भन्ने हामीले आशा गरेका छौं ।

धन्यवाद !

**शङ्कर प्रसाद पाण्डे**
सचिव
कृषि तथा सहकारी मन्त्रालय

**रिचार्ड रेगन**
राष्ट्रिय प्रतिनिधि
विश्व खाद्य कार्यक्रम

# विषयसूची


| | | |
|---|---|---|
| मन्तव्य | | ग |
| भूमिका | | ङ |
| केही मुख्य शब्दावली र तिनको अङ्ग्रेजी रूपान्तरण | | झ |
| पुस्तिकाको परिचय | | ट |
| भाग–१ : जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमनबारे सैद्धान्तिक जानकारी | | १ |
| १.१ | खाद्य सुरक्षा अनुगमनको एक परिचय | २ |
| | क. खाद्य सुरक्षा भनेको के हो ? | २ |
| | ख. नेपालमा खाद्य असुरक्षा | ७ |
| | ग. राष्ट्रिय पहल : खाद्य सुरक्षा नीति र कानुनी प्रावधानहरू | ११ |
| | घ. खाद्य सुरक्षा अनुगमन किन ? | १५ |
| १.२ | नेपालमा खाद्य सुरक्षा अनुगमन | १६ |
| | क. नेपालमा खाद्य सुरक्षा अनुगमनमा जिल्ला खाद्य सुरक्षा सञ्जालको भूमिका के हो ? | १८ |
| १.३ | जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन प्रक्रियामा प्रयोग गरिने विश्लेषणात्मक औजारहरूको संक्षिप्त विवरण | १९ |
| | क. खाद्य सुरक्षा सन्दर्भ तालिका | १९ |
| | ख. खाद्य सुरक्षा विश्लेषण तालिका | २२ |
| | ग. जिल्ला खाद्य सुरक्षा संश्लेषण तालिका | २७ |
| | घ. खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा | २७ |
| १.४ | जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन प्रक्रिया (एक समीक्षा) | ३० |
| १.५ | पुनरावलोकन अभ्यास : आफूलाई जाँच गर्नुहोस् | ३२ |

भाग–२ : जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन व्यवहारिक ज्ञान तथा सीप ३५

२.१ खाद्य सुरक्षा अनुगमनको लागि तथ्याङ्क सङ्कलन, आदान प्रदान तथा रुजु ३६

क. जिल्लामा सामुहिक तथ्याङ्क सङ्कलन ३६

ख. जिल्लास्तरीय त्रैमासिक खाद्य सुरक्षा तथ्याङ्क सङ्कलन योजनाको तयारी ३६

ग. कार्य समूहका सदस्यहरूसँग एकल तथ्याङ्क सङ्कलनको प्रयासको नतिजा आदान-प्रदान ४३

घ. सूचना/तथ्याङ्क रूजु गर्ने प्रक्रिया ४३

२.२ विश्लेषणात्मक औजारहरू प्रयोग गरी तथ्यमा आधारित खाद्य सुरक्षा विश्लेषण ४७

क. विश्लेषण आयोजन गर्ने पद्धतिहरू : सहभागितात्मक वा कार्य समूहमा आधारित ४७

ख. खाद्य सुरक्षा अनुगमनमा प्रमाण र तथ्य सम्पादन गर्न विश्लेषणात्मक औजारहरूको प्रयोग ५१

ग. खाद्य सुरक्षा सन्दर्भ तालिकालाई निर्देशिकाको रूपमा प्रयोग गर्ने ५१

घ. खाद्य सुरक्षा चरण वर्गीकरण विश्लेषण तालिकाको प्रयोग ६४

ङ. जिल्ला खाद्य सुरक्षा अवस्थाको जानकारी संश्लेषण गर्न खाद्य सुरक्षा संश्लेषण तालिकाको प्रयोग ७१

च. खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा ७३

२.३ सहभागितात्मक पुनरावलोकन सञ्चालन ७५

२.४ विश्लेषणको नतिजाहरूको सञ्चार ७६

२.५ बारम्बार सोधिने प्रश्नहरू ७७

सन्दर्भ सामाग्रीहरू ७९

# केही मुख्य शब्दावली र तिनको अङ्ग्रेजी रूपान्तरण

| नेपाली | अङ्ग्रेजी (English) |
|---|---|
| जिल्ला खाद्य सुरक्षा सञ्जाल | District Food Security Network |
| व्यवहारिक तालिम | Hands-on Training |
| फिल्ड मनिटर | Field Monitor |
| परामर्श गोष्ठी | Consultation Workshop |
| नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली | Nepal Food Security Monitoring System |
| खाद्य असुरक्षाको सामयिक आयामहरु | Temporal Dimensions of Food Insecurity |
| विश्लेषणात्मक औजारहरु | Analytical Tools |
| एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण | Integrated Food Security Phase Classification |
| खाद्य सुरक्षा सन्दर्भ तालिका | Food Security Reference Table |
| खाद्य सुरक्षा विश्लेषण तालिका | Food Security Analysis Template |
| खाद्य सुरक्षा संश्लेषण तालिका | Food Security Synthesis Template |
| खाद्य सुरक्षा चरण वर्गीकृत नक्सा | Food Security Phase Classification Maps |
| खाद्य सुरक्षाका आयामहरु | Dimensions of Food Security |
| परिमाणात्मक सीमा | Threshold level |
| खाद्य सुरक्षा जानकारी आदान प्रदान फाराम | Food Security Information Sharing Form |
| द्वितीय स्रोतको उपयोग | Use of Secondary Sources |
| जानिफकार व्यक्तिसँग अन्तरवार्ता | Key Informant's Interview |
| लक्षित समूह छलफल | Focus Group Discussion |
| प्रत्यक्ष अवलोकन | Direct Observation |
| घरधुरी सर्वेक्षण | Household Survey |
| सूचना । तथ्याङ्कको रूजु | Verification of Information |
| खाद्य सुरक्षा अनुगमन सहकार्यको ढांचा | Food Security Collaborative Flow |
| पूर्वानुमान अवधि | Outlook Period |
| बारम्बार सोधिने प्रश्नहरु | Frequently Asked Questions |
| खाद्य उपलब्धता | Food Availability |
| खाद्यमा पहुँच | Food Accessibility |
| खाद्यको उपयोग | Food Utilization |
| स्थिरता | Stability |
| विपोषण | Under-nutrition |
| कुपोषण | Malnutrition |

| नेपाली | अङ्ग्रेजी *(English)* |
|---|---|
| पुड्कोपन | Stunting |
| सुकेनास (अति-दुब्लोपन) | Wasting |
| कम तौल | Underweight |
| जोखिमता | Vulnerability |
| दीर्घकालीन खाद्य असुरक्षा | Chronic Food Insecurity |
| अस्थायी खाद्य असुरक्षा | Transitory Food Insecurity |
| विपोषित | Undernourished |
| कोष्ठक | Box |
| सामान्यतया खाद्य सुरक्षित अवस्था | Generally Food Secure |
| मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था | Moderately Food Insecure |
| उच्चतम खाद्य असुरक्षित अवस्था (जीविकोपार्जनका स्रोत सम्पत्तिहरु बेचबिखन गर्नुपर्ने अवस्थाको शुरूवात) | Highly Food Insecure (starting to affect livelihood assets) |
| गम्भीर खाद्य असुरक्षित अवस्था (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था) | Severely Food Insecure (acute food and livelihood crisis) |
| मानवीय आपत्कालीन/भोकमरीको अवस्था | Humanitarian Emergency / Famine |
| अन्नवाली उत्पादन/अवस्था | Crop production / situation |
| घरधुरीहरुमा खाद्य सञ्चयको अवस्था | Household food stocks |
| प्रमुख बजारमा मुख्य खाद्यान्नको सञ्चय | Stock of main staples in key markets |
| जिल्ला भित्र ज्यालादारी रोजगारीको अवसर | Wage employment opportunities within district |
| गैर काष्ठ वन पैदावार, नगदे बाली वा अन्य कृषिजन्य उत्पादनको बिक्री | Sale of NTFP, cash crops and other agricultural products |
| चामलको बजारभाउ | Market price of rice |
| प्राकृतिक प्रकोप | Natural disasters |
| बसाइ-सराइ | Out-migration |
| निर्वाह पद्धति | Coping strategies |
| बालबालीकाहरुमा (५ वर्ष-मुनिका) कुपोषणको अवस्था | Acute child (<5 years) malnutrition (wasting) |
| रोग व्याधि | Disease |
| नागरिक सुरक्षा | Civil security |
| अनियमित । दैव | Random |
| उल्लेख्य रोगव्याधि | Significant cases of diseases |
| सङ्क्रमण फैलिएको | Epidemic outbreak |
| माहामारी फैलिएको | Pandemic outbreak |
| विशिष्ट कोष्ठक | Call-out boxes |
| विप्रेषण | Remittances |
| पूर्वानुमान जानकारी प्रणाली | Early warning system |

# पुस्तिकाको परिचय

यो जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन पुस्तिका जिल्लास्तरका सरोकारवालाहरूका लागि जिल्लाको खाद्य सुरक्षा अनुगमनबारे आधारभूत ज्ञान प्रदान गर्न तयार पारिएको हो । यसले जिल्ला खाद्य सुरक्षा सञ्जाललाई जिल्लाको खाद्य सुरक्षा स्थितिको आँकलन र विश्लेषण गर्न निश्चित विधि, औजार र प्रक्रिया उपलब्ध गराउँछ ।

यो पुस्तिका प्रथमतः जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरू जस्तैः स्थानीय सरकारी पदाधिकारीहरू, गैर सरकारी संस्थाका फिल्डका कर्मचारीहरू, समुदायमा काम गर्ने संस्थाका कर्मचारीहरू, फिल्ड मनिटरका लागि लक्षित गरिएको छ ।

यो पुस्तिका '**जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन प्रशिक्षकको निर्देशिका**' सँग सँगै तयार गरिएको छ । जुन प्रशिक्षकहरूलाई तालिमको योजना र सञ्चालन कसरी गर्ने भन्नेबारे मार्गदर्शन उपलब्ध गराउन केन्द्रित छ । यस पुस्तिकालाई प्रशिक्षार्थीहरूका लागि सन्दर्भ पुस्तिकाको रूपमा प्रयोग गर्न सकिन्छ ।

यो पुस्तिका दुई भागमा विभाजित छ : पहिलो सैद्धान्तिक र दोस्रो व्यवहारिक । पहिलो भागले खाद्य सुरक्षा अनुगमनका औजारहरूको प्रयोग गर्न दक्षता प्राप्त गर्नु अघि खाद्य सुरक्षा सम्बन्धी आवश्यक सैद्धान्तिक अवधारणाबारे जानकारी प्रदान गर्दछ । दोस्रो भागले प्रशिक्षार्थीलाई विभिन्न विधि एवं विश्लेषणात्मक औजारहरूको प्रयोग र जिल्ला खाद्य सुरक्षा अनुगमन प्रक्रियामा अपनाउनु पर्ने कार्यहरूको चरणबद्ध रूपमा प्रस्तुत गरी व्यवहारिक ज्ञान उपलब्ध गराउँछ ।

यो पुस्तिकाले खाद्य सुरक्षा अनुगमनबारे जानकारी हासिल गर्न, जिल्लाहरूमा खाद्य सुरक्षा सञ्जाल निर्माण गर्न र अनुगमनको कार्य सञ्चालन गरी राष्ट्रिय खाद्य सुरक्षा अनुगमनलाई सबल बनाउन प्रभावकारी भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिइएको छ ।



# जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमनबारे सैद्धान्तिक जानकारी

## सिकाइका उद्देश्यहरू

यो भागको अध्ययन पश्चात् अध्ययन तथा प्रयोगकर्ता निम्न कुरामा सक्षम हुनेछन् :

१ खाद्य सुरक्षाको परिभाषा तथा खाद्य सुरक्षाका चार आयामबारे बताउन सक्नेछन् ।

२ खाद्य असुरक्षाको प्रकृतिबारे प्रष्ट हुन सक्नेछन् ।

३ नेपालको खाद्य असुरक्षाको सन्दर्भमा जिल्लाको खाद्य सुरक्षाको स्थिति विवेचना गर्न सक्नेछन् ।

४ खाद्य असुरक्षाको सन्दर्भमा नेपाल सरकारको राष्ट्रिय नीति तथा हालसम्म भए गरेका वा हाल सञ्चालित पहलहरूबारे बताउन सक्नेछन् ।

५ खाद्य सुरक्षा अनुगमनको महत्व बताउन सक्नेछन् ।

६ खाद्य सुरक्षा अनुगमनको राष्ट्रियस्तरको संरचनागत व्यवस्थाबारे प्रष्ट हुनेछन् ।

७ खाद्य सुरक्षा अनुगमनमा प्रयोग हुने विश्लेषणात्मक औजारहरूबारे बताउन सक्नेछन् ।

८ समग्र खाद्य सुरक्षा अनुगमनको कार्यान्वयन प्रक्रियाबारे बताउन सक्नेछन् ।

# १.१ खाद्य सुरक्षा अनुगमनको एक परिचय

## क. खाद्य सुरक्षा भनेको के हो ?

खाद्य सुरक्षा तीन दशक यता निरन्तर रूपमा विकास हुँदै आएको एक अत्यावश्यकीय अवधारणा हो । जब यो सत्तरीऔं दशकको मध्यतिर यसको शुरूवात हुंदा यो धेरैजसो आपूर्तिको क्षेत्रतर्फ र राष्ट्रिय स्तरमा कृषि उत्पादन-तर्फमात्र केन्द्रित रह्यो । प्रख्यात नोबेल पुरस्कार बिजेता अर्थशास्त्री अमर्त्य सेनको अधिकारिक अनुसन्धान कार्य पछि खाद्यको पहुँचमा अधिकार र हाल आएर उपयूक्त उपयोगमा समेत जोड दिन थालिएको छ ।

### खाद्य सुरक्षाको परिभाषा

**'प्रत्येक व्यक्तिको सधैं पर्याप्त, स्वच्छ तथा पोषणयुक्त र आफ्नो आवश्यकता र चाहना अनुरूपको खाना माथि भौतिक र आर्थिक पहुँच भएमा मात्र खाद्य सुरक्षा भएको मान्न सकिन्छ ।'**

*विश्व खाद्य शिखर सम्मेलन अक्टोवर १९९६*

यो परिभाषाबाट खाद्य सुरक्षाको मुख्य निम्न चार आयामहरू पहिचान गर्न सकिन्छ :

१. खाद्यान्नको भौतिक उपलब्धता
२. खाद्यान्नमा भौतिक र आर्थिक पहुँच
३. पर्याप्त खाद्यान्नको उपयोग
४. माथिका तीन आयामहरूमा स्थिरता

खाद्य सुरक्षाका लागि माथिका चारैवटा आयामहरू एकैसाथ परिपूर्ति हुनु पर्दछ ।



## खाद्य सुरक्षाका चार आयामहरू

- **खाद्य उपलब्धता** : आन्तरिक रूपमा उत्पादित वा आयातित (खाद्य सहयोग समेत) पर्याप्त गुणस्तरीय खाद्य पदार्थको पर्याप्तता एवं उपलब्धतालाई बुझाउँछ ।

- **खाद्यमा पहुँच** : कुनै पनि व्यक्तिको पोषणयुक्त खानाको लागि उचित खाद्यान्न प्राप्त गर्न पर्याप्त स्रोत माथि पहुँच (दावेदारी) हो । पहुँच भन्नाले कुनै पनि व्यक्तिको आफ्नो देशले, समुदायले व्यवस्था गरे अनुसार कानुनी, राजनैतिक, आर्थिक र सामाजिक तवरले स्रोत सम्पत्ति माथिको अधिकार भन्ने बुझिन्छ ।

- **उपयोग** : शारीरिक आवश्यकताको परिपूर्ति गर्न पर्याप्त खाना, सफा पानी, स्वास्थ्य सेवाको उपयोग र सरसफाईको आवश्यकता पूर्ति भएको हुनपर्दछ । यस पक्षले खाद्य सुरक्षामा अखाद्य पदार्थको महत्व दर्शाउँछ । साथै खाद्यवस्तुको उपयोग अर्न्तगत व्यक्तिको शारीरिक क्षमताले पोषणयुक्त खाना ग्रहण गर्न सक्ने वा पचाउन सक्ने कुरालाई समेत समेट्दछ । जस्तै : पोषणयुक्त खाना उपलब्ध भए पनि कुनै व्यक्तिले खाना ग्रहण गर्न (पचाउन) सकेन भने उक्त व्यक्ति खाद्य असुरक्षित हुन सक्दछ ।

- **स्थिरता** : खाद्य सुरक्षाका लागि कुनै समुदाय, घर वा व्यक्तिकोसधैं पर्याप्त खाद्य पदार्थमाथि पहुँच आवश्यक छ । कुनै पनि आपत् विपत् वा घटनाहरूले गर्दा कुनै व्यक्ति वा घरको खाद्य पदार्थको पहुँच र उपलब्धतामा नकारात्मक अवस्था आउनु हुँदैन । स्थिरताको अवधारणाले खाद्य सुरक्षाका लागि उपलब्धता, पहुँच र उपयोग यी चारै आयामलाई मध्यनजर गर्दछ ।

अभ्यास १

### *के उनीहरू खाद्य सुरक्षित छन् ?*

दिइएका हरेक घरधुरी, खाद्य सुरक्षित छन् वा छैनन् निश्चित गरेर तपाईंले तपाईंको खाद्य सुरक्षा सम्बन्धी अवधारणाको बुझाइबारे जाँच गर्न सक्नुहुन्छ । उनीहरु खाद्य सुरक्षित हुन चार आयामहरूमध्ये कुनै एक आयामको कमी छ भन्ने तथ्य निम्न मामलाहरूमा पत्ता लगाउनुहोस् ।

मामला १

मीना श्रेष्ठ काठमाडौं निवासी एक गृहिणी हुन् । उनी आफ्नो परिवारसँग कालिमाटी बजार नजिकै बसोबास गर्छिन् । उनी विभिन्न स्वास्थ्य तालिममा सहभागी हुने अवसर पाएकीले पोषणयुक्त खाद्य परिकार पकाउन पोख्छिन् । विगत केही महिनादेखि उनका श्रीमान् बेरोजगार छन् । यसैताका खाद्यवस्तुको बजार भाउ आकाशिएको छ । फलस्वरूप उनले विगत एक महिनादेखि नियमित खानपिनको परिमाणमा कटौती गर्न बाध्य भएकी छिन् ।



## मामला २

रामबहादुर बूढा, जुम्ला निवासी एक परिश्रमी मान्छे हुन् । विगत छ महिना भारतमा कठिन मेहनत गरी उनी हाल गाउँ फर्केका हुन् । यस अवधीमा उनले आम्दानीको हिसाबमा राम्रै कमाइ गर्न सके । अब उनले केही समय परिवारसँगै बस्ने बिचार गरेका छन् । विगत १५ दिनदेखि अत्यधिक हिमपातको कारण अन्य जिल्लाबाट आउने खाद्य सामाग्री ढुवानी अवरोध भई बजारको खाद्य सञ्चितिमा गम्भीर कमी आई जिल्लामा खाद्य सङ्कट देखिएको छ, जसले गर्दा रामबहादुरको परिवारले मन नपर्ने अन्य खाद्यवस्तुमा भर पर्नु परेको छ । छिटै खाद्य सामाग्रीको ढुवानी नियमित भएन भने गम्भीर स्वास्थ्य समस्याहरु निम्तने डरले उनलाई पिरोलेको छ ।




## मामला ३

नरबहादुर राई, भोजपुर जिल्ला निवासी एक अर्धबैंसे परिश्रमी किसान हुन् । उनको परिवारमा दुई छोरा, एक छोरी र श्रीमती छन् । उनको जग्गा धान उत्पादन हुने खेत नभए पनि कोदो, मकै र गहुँ हुने मलिलो बारी प्रशस्त छ । उनी आफ्नो बारीमा उत्पादित कोदोको धेरै भाग रक्सी बनाई आफै खाने र बेच्ने गर्दछन् । रक्सी बेचेर आएको पैसाले तयारी चाउचाऊ तथा बजारमा प्राप्त हुने अन्य तयारी खाद्य पदार्थ खाने गर्दछन् । बजारमा उपलब्ध हुनुका साथै उनी किन्न सक्ने भए पनि उनको भान्सामा बिरलै हरियो सागसब्जी वा मासु पाक्ने गर्दछ । उनका बच्चाहरु सधैं जसो बिरामी भई रहन्छन् ।




## मामला ४

बर्दियामा यो वर्ष धानको उत्पादन राम्रो भयो । शेरबहादुर परिवारसहित गाउँमा बसोबास गर्दछन् । उनी अंधियाँमा काम गर्छन् । हाल बजारको खाद्य सञ्चितिको अवस्था पनि राम्रो छ र उनको कमाइ पनि राम्रो छ । उनको परिवारमा पोषिलो खाना कसरी बनाउने भन्ने बारे राम्रो ज्ञान छ । तर उनलाई थाहा छ विगत वर्षहरुमा जस्तै यस वर्ष पनि चैत वैशाखमा काम नपाएर खाद्य सामग्री किन्न साहुको चर्को ब्याज तिरेर ऋण काढ्नु पर्नेछ ।




*उत्तर : उनीहरु सबैजना खाद्य असुरक्षित छन् । पहिलो मामलामा, मीनाको परिवारसँग खाद्यान्नमा आर्थिक पहुँच छैन जबकि कालिमाटी बजारमा खाद्यान्नको उपलब्धता यत्रतत्र छ । दोस्रो नमूनामा जिल्लामा खाद्य उपलब्धता छैन । तेस्रो नमूनामा प्रस्तुत परिवारसँग पर्याप्त आम्दानी र जिल्लामा खाद्यान्न उपलब्ध भएको हुनाले पोषिलो खानाको पहुँच हुनसक्थ्यो तर उनीहरुको आहार उपयोगमा समस्या छ । चौथो मामलामा के थाहा हुन्छ भने खाद्य सुरक्षाका चारआयामहरुमध्ये उक्त समयमा (चैत्र -बैशाखमा) खाद्यवस्तुको उपलब्धता र पहुँचको स्थिति स्थिर नभएको कारण प्रस्तुत परिवार खाद्य सुरक्षित छैन । वर्षभरिमा चैत्र-बैशाखको समयमा यस परिवारलाई खाद्य सुरक्षामा समस्या हुन्छ ।*

कोष्टक १

## खाद्य सुरक्षासँग सम्बन्धित उपयोगी धारणाहरू

पोषणको स्थितिले मानिसहरूको शारीरिक अवस्थामा फरक पार्दछ, जो विशेषगरी खाद्य पदार्थको उपयोगिता, स्वास्थ्य र सरसफाइको अवस्थामा आधारित हुन्छ ।

- **विपोषण** (Undernutrition) : विपोषण भन्नाले मानिसहरूले उपयोग गर्ने खानामा न्यूनतम् शारीरिक आवश्यकता परिपूर्ति गर्नको लागि पर्याप्त क्यालोरी समावेश नभएको स्थिति बुझाउँदछ । यसले व्यक्तिको खाद्यमा पहुँचमाथिको क्षमतालाई मापन गर्दछ र सामान्यतया यो संयुक्त राष्ट्र संघ खाद्य तथा कृषि सङ्गठन (FAO) द्वारा तयार पारिएको खाद्य सन्तुलन तालिकाबाट लिइन्छ ।

- **कुपोषण** (Malnutrition) : कुपोषण भन्नाले त्यो अवस्थालाई बुझाउँदछ जुन अवस्थामा मानिसहरूको शारीरिक विकासको प्रक्रियामा ह्रास आई शारीरिक विकास, गर्भाधान, स्तनपान, लेखपढ, शारीरिक काम गर्ने क्षमता र रोगबाट बच्ने तथा निको हुने जस्ता प्राकृतिक शारीरिक क्षमता कायम राख्न सक्दैनन् । यस अन्तर्गत भिटामीन वा खनिजको कमीले डरलाग्दो दुब्लोपन (कम तौल) वा उमेर अनुरूप कम उचाइ (पुड्कोपन) देखि अति मोटो (मोटोपन) सम्म पर्दछन् ।

- **पुड्कोपन** (Stunting) : पाँच वर्ष मुनिका बच्चाहरूमा उमेर अनुरूप उचाइ कम हुनु दीर्घ कुपोषणको सूचक हो र यसलाई सुपोषित र स्वस्थ बालकहरूको सन्दर्भ लिई उमेर अनुसार उँचाइ तुलना गरी यसको हिसाब गरिन्छ ।

- **दुब्लोपन** (Wasting) : थोरै समयावधिभित्र उल्लेख्य रूपमा तौल गुमाउने गम्भीर प्रक्रिया हो जुन सामान्यतया भोकमरी वा रोगव्याधिसँग सम्बन्धित हुन्छ र सुपोषित एवं स्वस्थ्य बालकहरूको समूहको सन्दर्भ लिई यसलाई हिसाब गरिन्छ । प्रायः आपतकालीन गम्भीरताको स्थिति आँकलन गर्न यसलाई प्रयोग गरिन्छ किनभने यो मृत्युदरसँग गहिरो रूपमा सम्बन्धित छ ।

- **कम तौल** (Underweight) : सुपोषित एवं स्वस्थ्य बालकहरूको समूहको सन्दर्भ लिई उमेर अनुसारको तौल तुलना गरी नापिन्छ । कम तौल भन्नाले पाँच वर्ष मुनिका बच्चाहरूमा उमेर अनुसारको तौल नहुनु हो ।

- **जोखिमता** (Vulnerability) : जोखिमता भन्नाले ती तत्वहरूको समूहलाई जनाउँदछ जसले मानिसहरूलाई खाद्य असुरक्षाको खतरामा पुऱ्याउँछ । यसका साथै मानिसको उक्त परिस्थितिसँग सामना गर्ने क्षमतालाई ह्रास गराउँछ ।

## खाद्य सुरक्षाको गम्भीरता र सामयिक आयामहरू

- **दीर्घकालीन खाद्य असुरक्षा भन्नाले** लामो अवधिसम्म निरन्तर रूपमा न्यूनतम खाद्य उपभोगको आवश्यकतालाई पूरा गर्न असक्षम हुनु हो । सामान्यतया, वर्षमा कम्तिमा ६ महिनासम्म खाद्य असुरक्षा कायम रहेमा त्यसलाई दीर्घकालीन खाद्य असुरक्षा मान्न सकिन्छ ।

- **अस्थायी खाद्य असुरक्षा भन्नाले** छोटो अवधिसम्ममात्र वा अस्थायी रूपमा न्यूनतम खाद्य उपभोगको आवश्यकतालाई पूरा गर्न असक्षम हुनु हो, जसमा सुधार हुन सक्ने क्षमता रहन्छन् । सामान्यतया, यदाकदा आउने सङ्कटहरूका कारणले छोटो अवधिका लागि हुने खाद्य असुरक्षालाई अस्थायी खाद्य असुरक्षा भन्न सकिन्छ ।

खाद्य असुरक्षाको विश्लेषण गर्दा मानिसहरूले भोगेका समस्याहरूको अवधि मात्र जान्नु पर्याप्त हुँदैन तर समग्र खाद्य र पोषणको स्थितिमा पहिचान गरिएको समस्याको प्रभाव कत्तिको तीव्र वा गम्भीर छ भन्ने कुरा पनि जान्नु आवश्यक छ । यस ज्ञानले प्रभावित जनसमुदायलाई आवश्यक सहयोगको प्रकृति, सीमा र आवश्यकता पहिचान गर्न मद्दत गर्दछ ।

खाद्य सुरक्षा विश्लेषकहरूले विभिन्न सूचकहरू र परिमाणात्मक सीमाहरू (Threshold) को प्रयोग गरेर खाद्य सुरक्षालाई वर्गीकरण गर्न विभिन्न मापहरू वा चरणहरू विकास गरेका छन् । हाम्रो सन्दर्भमा एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरणलाई छनौट गरिएको छ जुन नेपालको विशेष परिवेश अनुरूप अनुकुल बनाइएको छ । (पाठकहरूले विस्तृत जानकारीको लागि पाठ २ मा हेर्नुहोला)

दीर्घकालीन र अस्थायी खाद्य असुरक्षा समाधानका उपायहरू छुट्टाछुट्टै खालको हुने हुनाले दीर्घकालीन र अस्थायी खाद्य असुरक्षा बीच भिन्नता छुट्‍याउन महत्वपूर्ण छ । विशेषत, दीर्घकालीन खाद्य असुरक्षा समाधान गर्न त्यस्तो कार्यक्रमको आवश्यकता पर्दछ जसले खाद्य असुरक्षाका मूल तथा आधारभूत कारणहरूलाई सम्बोधन गरोस् र लामो समयसम्मको प्रयास आवश्यक पर्दछ । अस्थायी खाद्य असुरक्षालाई भने छोटो अवधिको कार्यक्रमको आवश्यकता पर्न सक्दछ जसले प्रत्यक्ष र मूल कारणहरूलाई सम्बोधन गर्दछ । तर दोहोरी रहने खाद्य असुरक्षा, जसले भविष्यमा दीर्घकालीन खाद्य असुरक्षासम्म पुऱ्याउन सक्दछ, त्यसबाट बच्न खाद्य असुरक्षाको आधारभूत कारणहरूरूको पनि समाधान गर्ने खालको कार्यक्रमहरूको पनि सञ्चालनको आवश्यकता पर्दछ ।

सुझाव १

## दीर्घकालीन र अस्थायी खालको खाद्य असुरक्षा बीच फरक

दीर्घकालीन र अस्थायी खाद्य असुरक्षाको बीचमा फरक छुट्‍याउँदा निम्न प्रश्नहरूको जवाफ दिनु आवश्यक पर्दछ :

- के हालको सङ्कट भन्दा पहिले खाद्य असुरक्षा वा कुपोषण थियो ?
- यदि थियो भने, खाद्य असुरक्षा र/वा कुपोषणको प्रकृति, हद र गम्भीरता कस्तो थियो ? हालको अवस्था भन्दा त्यो कसरी भिन्न थियो ?
- त्यस समयमा कुन समूह प्रभावित भएको थियो र तिनीहरु अहिलेको प्रभावित समूहको जीविकोपार्जनको जोखिमको सन्दर्भमा के फरक छ ?

अभ्यास २

### दीर्घ वा अस्थायी खाद्य असुरक्षा कसरी पहिचान गर्ने ?

तपाईंले खाद्य सुरक्षाको सामयिक आयाम बुझ्न तल दिइएको अवस्थाहरु दीर्घ वा छोटो अबधिका (अस्थायी) हुन् निर्धारण गर्न प्रयास गर्नुहोस् ।

क) तराई क्षेत्रमा बाढीले ७०% बाली नष्ट गऱ्यो ।
दीर्घ अस्थायी

ख) काठमाडौँको शहरी गरिब परिवारका बच्चाहरूमा पुड्कोपनको उच्च दर छ ।
दीर्घ अस्थायी

ग) नेपालको पहाडी भेगमा विगत ३ वर्ष यताको वर्षा औसत भन्दा कम भयो । यी हरेक वर्षमा बाली उत्पादन सामान्य भन्दा १०% कम भयो ।
दीर्घ अस्थायी

*उत्तरहरु : **क) अस्थायी** – यो एक नराम्रो घटना हो जसले धनी–गरिब दुवैलाई विविध रूपमा प्रभाव पार्दछ र विशेष गरी गरिब वर्ग जसको धेरै खाद्य सञ्चय हुँदैन उनलाई धेरै प्रभाव पार्दछ । **ख) दीर्घ** – पुड्कोपन लामो समयको कुपोषणको नतिजा हो । **ग) मिश्रित** – क्रमिक रूपमा आइरहने सङ्कटहरूले नै अस्थायी खाद्य सुरक्षाका अवस्थाबाट दीर्घ खाद्य असुरक्षाको अवस्थामा परिणत हुन्छन्, खासगरी जब मानिसहरु एउटा सङ्कटबाट उम्कन नपाउँदै थप सङ्कटहरु थपिन्छन् ।*

## ख. नेपालमा खाद्य असुरक्षा

नेपाल खाद्य असुरक्षाबाट ज्यादै पीडित छ । निम्न तथ्यपरक सूचनाहरूले समस्याको परिमाण प्रस्तुत गर्नेछ ।



- नेपालमा पाँच वर्ष-मुनिका ३९ प्रतिशत बच्चाहरु विपोषित (undernourished) छन् ।[१]
- नेपालको आधा-जति (४९ प्रतिशत) बालबच्चाहरु पुड्का छन् ।
- २० प्रतिशत अति-गरिब जनताले उनीहरूको आयको ७३ प्रतिशतजति आम्दानी खाद्यान्नमा खर्च गर्दछन् ।[२]
- नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, विश्व खाद्य कार्यक्रम र खाद्य तथा कृषि सङ्गठनले गरेको अध्ययनले २०६५/६६ मा नेपालका ४० जिल्लाहरुमा स्थानीय खाद्यान्न उत्पादन जनसंख्याको आवश्यकता पुरा गर्न अपर्याप्त भएको देखाएको छ ।[३]
- नेपालको असी लाख मानिसहरु (जम्मा जनसंख्याको करिब ३१ प्रतिशत) गरिबीको रेखामुनि छन् (प्रतिदिन १ अमेरीकी डलर भन्दा कम खर्चमा बाँचिरहेका छन्) ।

## नेपालमा खाद्य उपलब्धता

नेपालको सीमित खाद्य उत्पादनको स्थितिलाई परिपूर्ति गर्न वैदेशिक खाद्यान्न आपूर्तिले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । वैदेशिक आयातको ठूलो हिस्सा भारतबाट हुने गरेको छ । नेपाल भारत खुल्ला सिमाना भएकोले औपचारिक तथा अनौपचारिक रूपमा चामलको आयात भै रहन्छ । यसको परिमाण यकीन गर्न गाह्रो छ । यो वर्षे पिच्छे फरक हुने गरेको छ ।[४] नेपाल खाद्य संस्थानमार्फत राष्ट्रिय कार्यक्रम तथा अन्तर्राष्ट्रिय सहयोग खाद्य आपूर्तिका महत्वपूर्ण स्रोत रहेकाछन् । विश्व खाद्य कार्यक्रमले २०६५/६६ (सन् २००८/०९) मा ३४ लाख लाभग्राहीहरूलाई सहयोग दिने भएको छ ।



यस अवस्थाको मुख्य कारकहरू

- **खेतबारीको सानो क्षेत्रफल** : नेपाल जीवनस्तर मापन सर्वेक्षण २०६०/६१ (सन् २००३/०४) को तथ्याङ्क अनुसार औसत घरधुरीको ०.८३ हेक्टर जमिनमा स्वामित्व छ, तर बहुसंख्यकको (४५%) को ०.५ हेक्टरमा मात्र छ । नेपालमा जमिनको विखण्डन प्रक्रिया बढिरहेको छ र त्यसले गर्दा उत्पादन कम भई खाद्य असुरक्षाको अवस्था सिर्जना भइरहेको छ ।
- **सिँचाइको कमी** : नेपालको जम्मा ३१ प्रतिशत कृषि योग्य जमिनमामात्र सिँचाइ सुविधा उपलब्ध छ ।[५] जसको फलस्वरूप कृषि आकाशे वर्षामा भरपर्ने हुनाले बाली उत्पादन वर्षै पिच्छे फरक फरक हुने गर्दछ ।

.................................

१ Nepal 2006 Demographic and Helth Survey, Key findings

२ नेपालको बजार र मूल्य प्रभाव मूल्याङ्कन, विश्व खाद्य कार्यक्रम र नेपाल विकास अनुसन्धान संस्थाद्वारा प्रकाशित, जुलाई २८, २००८

३ Crop and Food Security Assessment, Joint Assessment Report - May 2009.

४ विश्व खाद्य कार्यक्रम बजार अवलोकन २, मे २००७, सं.रा.सं. विश्व खाद्य कार्यक्रम सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली, ललितपुर ।

५ CBS को प्रकाशन अनुसार, (Nepal in figure 2007), कुल कृषि क्षेत्र ३३,६४,१३९ हे. र सिंचाइ भएको क्षेत्र १०,३१,१३७ हे. रहेको छ । यस अनुसार कुल कृषि क्षेत्रको ३१% सिंचाइ सुविधा सम्पन्न छ ।

- **कृषि सामग्रीको कमी** : मुख्य धानबालीको लागि तीनमध्ये दुई कृषकले मात्रै र गहुँमा दुईमध्ये एकले मात्र रासायनिक मल प्रयोग गर्ने गरेको पाइयो । साथै बहुसंख्यक कृषकहरूले स्थानीय कृषि औजारहरू प्रयोग गरेको पाइयो ।
- कृषिमा यान्त्रिकीकरण एकदमै कम छ ।

## नेपालमा खाद्य पहुँचको अवस्था

नेपालमा एकातिर खाद्यवस्तुहरूको मूल्य बृद्धि भइरहेको छ भने अर्कोतर्फ अतिनाजुक अवस्थाका जनसमूहको आम्दानी भने जस्ताको त्यस्तै रहेको छ । नेपाल जीवनस्तर मापन सर्वेक्षण २०६०/६१ (सन् २००३/०४) का अनुसार घरधुरीको वार्षिक औसत आम्दानी रू. ८०,१११ रहेको छ । उनीहरूको सानो खेतबारीको अतिरिक्त उनीहरूसँग आम्दानीका अन्य स्रोतहरू जस्तै पशुपालन, निर्माणकार्य, बसाइ-सराइ, भाँडा बनाउने काम वा ज्यालादारी काम पनि छन् । कुल आम्दानीमा ४८% खेतीबाट, २८% खेतीबाहेकको आम्दानीबाट, बैदेशिक रोजगार (विप्रेषण) बाट ११%, र अन्य स्रोतहरूरूबाट १५% योगदान हुने गरेको छ । विश्व खाद्य कार्यक्रमको २००८ को बजार अध्ययनले के पत्ता लगाएको छ भने उही कामको लागि पनि महिलाहरूको ज्यालादर पुरूषहरूको भन्दा कम छ ।

खाद्य सुरक्षालाई प्रभावित गर्ने ग्रामीण गरिबी एक मुख्य कारक हो । मध्य र सुदूर पश्चिम क्षेत्रको गरिबी अवस्था क्रमशः ४४.८% र ४१.१०% छ । हिमाली र पहाडी क्षेत्रका केही क्षेत्रहरूमा गरिबीको रेखामुनिका जनताको संख्या ८०५ भन्दा माथि छ ।[६] कृषकहरूको पर्याप्त अन्न उत्पादन वा कृषिजन्य आम्दानीको सीमित क्षमता भएको कारणले उनीहरू अन्य जीविकोपार्जनका क्रियाकलाप जस्तैः ज्यालादारी काम गर्न बाध्य छन् । तापनि ती कामहरू कम ज्यालादरको र मौसमी हुनुका कारणले गर्दा यी क्रियाकलापले सजिलैसँग खाँचो टार्न सक्दैनन् । घरधुरीहरू माझ ज्यालादारीका लागि बसाइ-सराइ एक प्राथमिक जीविकोपार्जनको रणनीति हो । हरेक वर्ष, फागुनदेखि चैत्र र श्रावणदेखि भाद्रको समयावधि (उच्च भागमा बसोबास गर्ने समुदायहरूमा यो अवधि अझ लामो हुन्छ ।) धेरै गरिब घरधुरीका लागि गम्भीर अप्ठ्यारोको समय हो र यसले विशेषत महिला बालबालिका, आदिबासी जनजाति, दलित, कमैया, हली, हरूवा, अपाङ्ग र दीर्घ रोगीहरूलाई प्रभावित गर्दछ ।

नेपालमा आर्थिक पहुँच मात्र समस्या होइन, यहाँ भौतिक पहुँच पनि समस्याको रूपमा बिद्यमान छ । नेपाल दक्षिण एशियामा सबैभन्दा कम सडक मार्ग र घनत्व भएको राष्ट्र हो । विश्व खाद्य कार्यक्रमले सन् २००५ मा गरेको बृहत् खाद्य सुरक्षा तथा जोखिमता विश्लेषण Comprehensive Food Security and Vulnerability Analysis (CFSVA) सर्वेक्षणले देखाएको आँकडा अनुसार २७% घरधुरीहरूले नजिकैको मोटर बाटोको स्थान बिन्दुसम्म पुग्न आठ घण्टा पैदल हिंड्नु पर्ने बताएका छन् । साथै नजिकैको बजार पुग्न औसत ४ घण्टा पैदल हिंड्नु पर्दछ ।

---

[६] Resillience admist Conflict, नेपालमा गरिबीको अध्ययन, १९९५-९६, केन्द्रीय तथ्याङ्क विभाग, विश्व बैंक, एशियन विकास बैंक र अन्तर्राष्ट्रिय विकास विभाग, सेप्टेम्बर २००६ ।

## नेपालमा खाद्य उपयोगिता



नेपाली खानामा मुख्यः अंश भात, दाल र तरकारीको नै समावेश हुन्छन् । विश्व खाद्य कार्यक्रमको सर्वेक्षणका अनुसार ५,२००[७] भन्दा बढी उत्तरदातामध्ये आधा जति परिवारले हप्ताको ४ दिन भन्दा कम तरकारी खाने गरेको, चारमध्ये तीन परिवारले गएको हप्तामा कुनै फल नखाएको र आधा जतिले सोही समयमा दूध र दही नखाएको पाइयो । तराईका घरधुरीहरूले चामल, मकै, माछा अथवा मासु खाने गरेको पाइयो भने पहाड तथा हिमाली भेगमा आलु तथा तरूलहरू नैं बढी उपभोग गरेको पाइयो ।

विश्व खाद्य कार्यक्रमको अर्को प्रतिवेदनले[८] धनी परिवारले मात्र हप्तामा एक पटक भन्दा बढी मासु, माछा, अण्डा र फलफूल खाने गरेको पत्ता लगाएको छ ।

केन्द्रीय तथ्याङ्क विभाग/विश्व खाद्य कार्यक्रम/विश्व बैंकको प्रतिवेदनले नेपालको ३९.८% जनताहरू विपोषित भएको अनुमान गरेको छ । सुदूर र मध्य पश्चिमका हिमाली तथा पहाडी क्षेत्रहरूमा विपोषणको स्थिति दुई गुना बढी देखिएको छ र कुल स्थानीय जनसमुदायको ४८% देखि ७५% सम्म जनताहरू यसबाट प्रभावित छन् । हालैको खाद्य तथा कृषि सङ्गठन/विश्व खाद्य कार्यक्रम/केन्द्रीय खाद्य सुरक्षा विश्लेषण र अनुगमन (अप्रिल २००७) ले विपोषणको स्थिति ४१.८% र सुदूर तथा मध्य पश्चिममा ५०% रहेको निष्कर्ष निकालेको छ ।

बृहत् खाद्य सुरक्षा तथा जोखिमता विश्लेषण Comprehensive Food Security and Vulnerability Analysis (CFSVA) सर्वेक्षणका अनुसार (सेप्टेम्बर २००७) ले स्वास्थ्य सेवाको पहुँच सापेक्षित रूपमा दयनीय अवस्थामा रहेको देखाएको छ । आधाभन्दा बढी ग्रामीण समुदाय माझ स्वास्थ्य सेवा केन्द्र छैनन् । ६६% घरधुरीहरूको शौचालय सुविधा छैन । ४४% ग्रामीण घरधुरीहरूले पानीको मुख्य स्रोतको रूपमा सार्वजनिक धारा प्रयोग गर्दछन् । ११% ग्रामीण घरधुरीहरूको पानीको मुख्य स्रोत भनेको असुरक्षित कुवा वा खोलाहरू नै हुन् । बृहत् खाद्य सुरक्षा तथा जोखिमता विश्लेषण Comprehensive Food Security and Vulnerability Analysis (CFSVA) सर्वेक्षणका अनुसार, कम तौल भएका बच्चाहरूको उच्च मृत्युदर हुनुमा

सुझाव २

### छलफलको सञ्चालन

- तपाईंको जिल्लाको परिप्रेक्ष्यमा पनि खाद्य सुरक्षाको वा खाद्य असुरक्षाको प्रकृतिको विषयमा छलफल आयोजना गर्नु उपयोगी साबित हुन सक्छ ।
- तपाईंको आफ्नै जिल्लामा कस्तो स्थिति छ ? यसले राष्ट्रियस्तरमा कस्तो सम्बन्ध राख्दछ ?

[७] जोखिमता आङ्कलन र नक्साङ्कन इकाइ घरधुरी जनवरी ०७–०८ ।

[८] WFP/जोखिमता विश्लेषण र नक्साङ्कन इकाइ (२००६) नेपाल बृहत् खाद्य सुरक्षा तथा जोखिमता विश्लेषण, काठमाडौं ।

स्वच्छ पानी र शौचालय सुविधाको कमी नै मुख्य कारक हुन् । यसका साथै शिक्षाको स्तरले पनि खाद्य उपयोगिताको निर्धारण गर्नमा महत्वपूर्ण भूमिका खेलेको छ । किनभने शिक्षित परिवार आर्थिक रूपमा सबल रहेका छन् र राम्रो स्वास्थ्य एवं पोषणको अवस्थामा छन् ।

## ग. राष्ट्रिय पहल : खाद्य सुरक्षा नीति र कानुनी प्रावधानहरू

अन्तर्राष्ट्रिय कानुन अन्तर्गत हरेक मानिसको भोकबाट मुक्त हुने र सुरक्षित एवं पोषणयुक्त खानाको पहुँच पाउने अधिकार छ । मानव अधिकारको विश्वव्यापी घोषणा–पत्र, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा–पत्र, बाल अधिकारसम्बन्धी महासन्धी र अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूमा यो अधिकार सुनिश्चित गरिएको छ । १९९६ विश्व खाद्य सुरक्षाको रोम घोषणा–पत्र अन्तर्गत राज्यको प्रमुखले हरेक व्यक्तिको सुरक्षित र पोषणयुक्त खानाको पहुँचको अधिकार सुनिश्चित गर्नुपर्दछ र त्यो सम्पूर्ण व्यक्तिले पर्याप्त खाना पाउने र भोकबाट मुक्त भई बाँच्ने नैसर्गिक अधिकारको अनुरूप छ ।

यो अधिकार सुनिश्चित गर्ने जिम्मेवारी एवं दायित्व राज्य र सरकारको हो जो यी दस्तावेजहरूका पक्षधरहरू हुन् (जस्तैः नेपाल सरकार) तसर्थ सरकार राष्ट्रिय पहलको लागि प्राथमिक रूपमा जिम्मेवार हुन्छ । यी विभिन्न बुँदाहरू समावेश गरिएको नीति तथा कानुनी प्रावधानद्वारा निर्देशित हुन्छन् ।

### नेपालको अन्तरिम संविधान २०६३

खाद्य सम्प्रभुत्ताको हक अन्तरिम संविधानको धारा १६ र ३३ ले सुनिश्चित गरेको छ र धारा ३५ ले राज्यलाई अति सीमान्तकृत समुदायहरूको खाद्य सुरक्षाको अवस्था सुधार गर्ने नीति अवलम्बन गर्ने जिम्मेवारी बोध गराउँदछ ।

**१६. रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक अधिकार** :

(३) प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम खाद्य सम्प्रभुत्ताको हक हुनेछ ।

**३३. राज्यको दायित्व** ...............

राज्यको दायित्व देहाय बमोजिम हुनेछ : ......

(च) सामन्ती भू–स्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने...

(ज) शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने,

(झ) सुकुम्बासी, कमैया, हलिया, हरवा चरवा लगायतका आर्थिक सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने । ...

**३५. राज्यका नीतिहरू** :

(१०) शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजाति, मधेशी, दलित लगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ । ...

## तीन वर्षीय अन्तरिम योजना (२०६३–२०६६)

तीन वर्षीय अन्तरिम योजना राष्ट्रिय स्तरमा नीतिगत प्राथमिकताहरू निर्धारण गर्न राष्ट्रिय योजना आयोगद्वारा अनुमोदन गरिएको हो । यसले अध्याय ४ मा खाद्य सुरक्षालाई सम्बोधन गरिनु पर्ने एक महत्वपूर्ण सवालको रूपमा प्रस्तुत गरेको छ । त्यसैगरी खाद्य सुरक्षाबारे विशिष्ट रूपमा अध्याय ६.५ मा उल्लेख गरिएको छ, साथै खाद्य सुरक्षालाई अध्याय ९, ११ र १६ मा पनि सम्बोधन गरिएको छ ।

अध्याय ६.५ ले सम्बन्धित निकायहरूको बीचमा सहकार्य विकास गर्ने र कृषि तथा सहकारी मन्त्रालय र स्थानीय विकास मन्त्रालय अन्तर्गत खाद्य सुरक्षा महाशाखा र सूचना केन्द्र निर्माण गरी राष्ट्रिय र स्थानीय निकायहरूको खाद्य असुरक्षाको व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गर्ने कुरा स्पष्ट पार्दछ । यसका साथै खाद्य सुरक्षा सूचनासम्बन्धी विभिन्न ढाँचाहरू तयार पारी तथ्याङ्क सङ्कलन गरिने कुरा पनि उल्लेख गरिएको छ । यसले खाद्य सुरक्षा स्थितिको विश्लेषणद्वारा त्रैमासिक समाचार पत्र प्रकाशन र वितरण गर्ने योजना पनि बनाएको छ । तीन वर्षीय अन्तरिम योजनाले यो पनि उल्लेख गरेको छ कि 'प्रत्येक जिल्लामा कृषि तथा खाद्य–सुरक्षा समन्वय समिति मार्फत खाद्य तथा पोषण सम्बन्धी योजनाहरूको तर्जुमा, कार्यान्वयन र अनुगमन कार्यको समन्वय गरिनेछ । ...'

यो पुस्तिकामा प्रस्तुत गरिएको खाद्य सुरक्षा अनुगमन प्रणाली यही कानुनी प्रावधान अन्तर्गत विकसित गरिएको छ ।

### *अध्याय ४ : अन्तरिम योजनाको सोच, उद्देश्य र रणनीति*

**४.४ रणनीतिहरू**

*... **खाद्य सुरक्षा**, स्वास्थ्य तथा शिक्षा लगायतका सामाजिक एवं आर्थिक पक्षका आधारमा कतिपय व्यक्ति, समूह र समुदाय आजको एक्काइसौं शताब्दीमा पनि मानवीयताका हिसावले अस्वीकार्य जीवन बाँचिरहेकाले त्यसलाई सुधार गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछन् ... ।*

**४.७ प्रमुख नीतिहरू**

*... विपन्न, दलित, आदिवासी जनजाती, मधेसी, पिछडिएको वर्ग, अपाङ्ग, मुक्तकमैया तथा श्रमजीवीहरूको **खाद्य सुरक्षा** र सामाजिक आर्थिक सशक्तिकरणका लागि लगत तयार गरी विशेष लक्षित नीतिहरू ल्याइनेछ ।...*

### *अध्याय ६ : सामाजिक न्याय तथा समावेशीकरण*

**६.५ खाद्य सुरक्षा**

***उद्देश्य***

*....४. ससङ्कटजन्य अवस्था (अनिकाल, खडेरी, बाढी, पहिरो, आगजनी आदि) बाट उत्पन्न हुने खाद्य असुरक्षाको व्यवस्थापन गर्न सक्ने क्षमताको अभिबृद्धि गर्नु ।...*

*रणनीति*

*...*

- *बाली उत्पादन तथा खाद्य आपूर्ति पूर्वानुमान जानकारी प्रणालीको स्थापना गरी सुदृढ गर्दै लैजाने ।....*
- *राष्ट्रिय तथा स्थानीय निकायहरूको सङ्कट व्यवस्थापनमा क्षमता सुदृढ गर्ने साथै स्रोत साधनको अभिबृद्धि गर्दै लैजाने ।...*

***नीति तथा कार्यनीतिरू***

- *जिल्लाहरूमा खाद्य सुरक्षाका सूचकहरू निर्माण र जोखिम नक्साङ्कन गरी सो अनुसार खाद्य असुरक्षित क्षेत्र/समूहको पहिचान गरिनेछ ।...*
- *केन्द्र तथा जिल्लास्तरका विभिन्न सम्बन्धित निकायको खाद्य सङ्कट व्यवस्थापन क्षमता बृद्धि गर्न तालिम तथा मानव संसाधनको विकास गरिनेछ ।...*
- *खाद्य सङ्कट व्यवस्थापन गर्न सम्बन्धित निकाय बीच समन्वय विकास गरिनेछ ।...*
- *प्राकृतिक प्रकोपबाट पीडित हुन सक्ने क्षेत्र/समूहको पहिचान गरिनेछ ।...*
- *राहत कार्यक्रमलाई छिटो भन्दा छिटो प्रकोप प्रभावित स्थलमा पुऱ्याउन सम्बन्धित निकाय (सुरक्षा, रेडक्रस, गै.स.सं) को क्षमता अभिवृद्धि गरिनेछ ।...*
- *स्थानीय विकास/कृषि तथा सहकारी मन्त्रालयमा खाद्य सुरक्षा महाशाखा र सूचना केद्र स्थापना गरिनेछ ।...*
- *खाद्य सुरक्षा सूचना सङ्कलन ढाँचाको विकास गरी तथ्याङ्क सङ्कलन गर्न लगाइनेछ ।...*
- *खाद्य-सुरक्षा स्थितिको विश्लेषण गरी त्रैमासिक सूचना वुलेटिन प्रकाशन गरी बितरण गरिनेछ ।*
- *प्रत्येक जिल्लामा कृषि तथा खाद्य-सुरक्षा समन्वय समितिमार्फत खाद्य तथा पोषण सम्बन्धी योजनाहरूको तर्जुमा, कार्यान्वियन र अनुगमन कार्यको समन्वय गरिनेछ ।...*
- *राष्ट्रिय योजना आयोगको गरिबी अनुगमन महाशाखाले केन्द्रीयस्तरमा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रम र प्रगतिको अनुगमन गर्नेछ ।...*

## *अध्याय ९ : कृषि*

### ५. उद्देश्य

*फराकिलो, लैंगिक, समावेशी तथा दिगो कृषि बृद्धिदर हाँसिल गर्ने कृषि क्षेत्रको अन्तरिम योजनाले समष्टिगत लक्ष्य लिएको छ । सो लक्ष्य प्राप्तिको लागि कृषि क्षेत्रका उद्देश्यहरू निम्नानुसार रहनेछन् ।*

*१. कृषि तथा पशुजन्य वस्तुको उत्पादन एवं उत्पादकत्व बढाउनु ।*

*२. खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्दै खाद्य सम्प्रभुता कायम गर्नु ।...*

## *अध्याय ११ : भूमिसुधार*

### ६. उद्देश्य

*बैज्ञानिक भूमिसुधारको आधार तयार गर्दै भूमिको न्यायोचित वितरण मार्फत गरिबी निवारण खाद्य सुरक्षा तथा भूमि व्यवस्थापनलाई न्यायोचित, उत्पादनमूलक स्रोत संरक्षणशील बनाउन ...।*

**४. दीर्घकालीन सोंच**
*खाद्य सुरक्षाको प्रत्याभूति सहित मुलुकभर गुणस्तरयुक्त अत्यावश्यक वस्तु तथा सेवाहरू नियमित, सरल, सहज र सर्वसुलभ ढङ्गले सुपथ मूल्यमा आपूर्ति हुने वातावरण बनाउने ।*

**५. उद्देश्य**
*...दुर्गम क्षेत्र र पिछडिएका तथा अधिकांश जनता गरिबीको रेखामुनि भएका जिल्लाहरूमा अत्यावश्यक वस्तुहरूको एकीकृत आपूर्ति व्यवस्था गरी खाद्य सुरक्षा वृद्धि गर्ने ।...*

**७. रणनीति**
*...दुर्गम जिल्लाहरूमा अत्यावश्यक वस्तुहरूको एकीकृतरूपमा आपूर्ति व्यवस्था गर्न आपूर्ति क्षेत्रमा संलग्न संस्थाहरूको बीचमा प्रभावकारी समन्वय कायम गरिनेछ । साथै, तोकिएको दुर्गम क्षेत्रका गरिवीको रेखामुनि रहेका जनतालाई लक्षित गरी खाद्य सुरक्षा लगायत ग्रामीण आपूर्ति सम्वन्धी व्यवस्था मिलाइनेछ ।...*

**९. कार्यक्रम**
*...जिल्लामा खाद्यान्न लगायतका अत्यावश्यक वस्तुहरूको आपूर्तिमा क्रमश : स्थानीय निकायलाई जिम्मेवारी हस्तान्तरण गर्दै लगिनेछ ।...*
*...उपभोक्ता जागरण कार्यक्रमलाई बिस्तार गर्ने, सेवाग्राहीलाई अनुभूत हुनेगरी बजार अनुगमन गर्ने र ७५ वटै निरीक्षण अधिकृतलाई सक्रिय बनाई बजारका अलावा वस्तुको लागत अनुगमन गर्ने कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।...*

## दीर्घकालीन कृषि योजना (१९९५–२०१५)

दीर्घकालीन कृषि योजनाले कृषि उत्पादन बृद्धिमा जोड दिंदै केही प्राथमिक क्षेत्र पहिचान गरेको छ जस्तै सिँचाइ, कृषि, सडक, मल र प्रविधि विकास आदि । यो योजना निर्वाहमुखी कृषिलाई व्यावसायिक कृषिमा परिवर्तन गर्न लक्षित छ जस अनुरूप धान, स्याउ, अमिलो जात, तरकारी, पशुपालन र वनजन्य उत्पादनहरू जस्ता मुख्य उत्पादनलाई प्रवर्द्धनको लागि छनौट गरेको छ । यसले कृषि व्यापारको विकासलाई कृषि व्यवसायीकरणको एक महत्वपूर्ण पक्षको रूपमा सिफारिस गरेको छ ।

## नेपाल खाद्य संस्थान अन्तर्गत सार्वजनिक खाद्य वितरण प्रणाली

नेपाल खाद्य संस्थान सन् १९७४ मा स्थापना भएको हो र यसलाई वाणिज्य तथा आपूर्ति मन्त्रालयको मातहतमा राखिएको छ । यसले सीमान्तकृत ठाउँहरूमा जहाँ स्थानीय उत्पादन समुदायहरूको आवश्यकता परिपूर्ति गर्न अपर्याप्त हुन्छ त्यहाँको खाद्यान्न भण्डार मार्फत अनुदानित खाद्यान्न सुपथ मूल्यमा बिक्री बितरण गरिन्छ । यसको उद्देश्य :

- अन्नको पर्याप्त र निरन्तर आपूर्ति सुनिश्चित गर्ने ।
- प्राकृतिक प्रकोपबाट सिर्जित आपतकालीन अवस्थाहरूमा आपूर्ति सहयोग उपलब्ध गराउने ।
- कृषकहरू र उपभोक्ताहरूको लागि सुपथ मूल्य कायम गर्ने ।

# घ. खाद्य सुरक्षा अनुगमन किन ?

नेपालको नीतिगत तथा कानुनी प्रावधानहरूले राष्ट्रिय र जिल्ला दुवै स्तरमा क्रियाशील हुने खालको खाद्य सुरक्षा अनुगमन संरचना स्थापना गर्ने योजना राखेको छ । यो प्रणालीको विकास गर्नुका पछाडि स्पष्ट फाइदाहरू छन् ।

## राष्ट्रियस्तरमा

नेपालमा व्याप्त खाद्य असुरक्षाको परिवेशमा कृषिको विकासको चिन्ताजनक अवस्था र त्यसमाथि खाद्य पदार्थको मुल्य बृद्धि र मौसम परिवर्तनले ल्याउने खाद्य असुरक्षाको जटिलताबाट उत्पन्न हुन सक्ने आपतकालीन स्थितिको बारेमा नेपाल सरकार पूर्वसूचित हुन राष्ट्रियस्तरमा अनुगमन क्षमता अति महत्वपूर्ण छ जसले खाद्य असुरक्षाको प्रभावलाई कम गर्न समयमा नै उचित पहल गर्नका लागि सरकारलाई सक्षम बनाउँदछ ।

## जिल्लास्तरमा

जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन प्रणालीको सञ्चालनबाट केही निश्चित फाइदाहरू छन् -

- यसले समाधान गरिनु पर्ने समस्याहरूको स्पष्ट चित्रण गर्दछ ।
- प्रभावकारी लक्षित कार्यक्रमहरूको योजना निर्माणमा सहयोग पुऱ्यांउछ ।
- मुख्य सरोकारवालाहरूको बीचमा खाद्य सुरक्षासँग सम्बन्धित समस्याहरू लगायत त्यसको कारण र समाधानहरू समेतको स्थानीय सहमति निर्माण गर्छ ।
- प्रयासहरू नदोहोरीओस् भनेर जिल्लाका सरोकारवालाहरूको बीचमा समन्वयमा सुधार ल्याउँछ ।
- नेपाल सरकारलाई आपतकालीन स्थिति वा सम्भावित् स्थानीय अवस्थाबारे जानकारी गराउँछ ।
- तथ्याङ्क तयारी अवस्थामा हुने हुनाले आपतकालीन स्थितिमा उपर्युक्त कदमको योजना बनाउन छिटो पहलकदमीको लागि सहयोग पुऱ्याउँछ ।
- अनुदानित वा आपतकालीन खाद्य भण्डारको व्यवस्थापनमा प्रभावकारी सहयोग गर्दछ ।
- दातृ समुदाय, मानवीय सहयोग तथा विकास निकायलाई सङ्कलित सूचनाद्वारा जिल्लाको अवस्थाको बारेमा ध्यानाकर्षण गराउने प्रयासमा सहयोगी हुन्छ ।
- अनुगमन, विश्लेषण र कार्यक्रम निर्माणको परिप्रेक्षमा स्थानीय क्षमता बलियो बनाउँछ ।
- तथ्याङ्क सङ्कलनको तालमेलले जानकारी सङ्कलन दरिलो बनाई प्रभावकारी रूपमा समय र स्रोत समेत बचाउँछ ।

# १.२ नेपालमा खाद्य सुरक्षा अनुगमन

नेपालमा खाद्य सुरक्षा अनुगमन सन् २००२ मा विश्व खाद्य कार्यक्रमद्वारा प्रारम्भ गरिएको हो । यो प्रयासको फलस्वरूप खाद्य सुरक्षा अनुगमन र विश्लेषण प्रणालीको विकास भएको हो । (यस प्रणालीको व्याख्या कोष्ठक २ मा दिइएको छ ।)

कोष्ठक २

### नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली

नेपाल खाद्य सुरक्षा अनुगमन र विश्लेषण प्रणाली एक पर्यवेक्षण/अवलोकन प्रक्रिया र अन्य विश्लेषण क्रियाकलापहरु (क्षेत्रगत विश्लेषण, आधारभूत सर्वेक्षण, द्रुत आपतकालीन सङ्कटहरु र प्रभाव विश्लेषण मूल्याङ्कन) समावेश गरिएको एक एकीकृत प्रणाली हो ।

खाद्य सुरक्षा अनुगमन र विश्लेषण प्रणालीको आधार भनेको जिल्ला खाद्य सुरक्षा सञ्जाल र ३१ फिल्ड मनिटरहरूको टोली हो । यस प्रणालीको माध्यमद्वारा विश्व खाद्य कार्यक्रमले हाल देशका ४८ अतिगरिब, अतिदूर्गम, द्वन्द्व पीडित र विपत्ति आईरहने जिल्लाहरूको सूचना प्रदान गरिरहेको छ । यी सूचनाहरूलाई त्रैमासिक खाद्य सुरक्षा समाचार पत्रमा सम्पादन एवं प्रकाशन गर्ने गरिरहेको छ ।

खाद्य सुरक्षा अनुगमन खाद्य सुरक्षा चरण वर्गीकरण पद्धतिमा आधारित छ । खाद्य सुरक्षा चरण वर्गीकरण भित्र :

१. विश्लेषणात्मक विधि तथा औजारहरूको समूह (सन्दर्भ तालिका र विश्लेषण तालिका, संश्लेषण तालिका, चरण वर्गीकरण नक्सा)
२. विभिन्न सूचना सञ्चार सामाग्री उत्पादन/प्रकाशन तथा वितरण (जस्तै त्रैमासिक खाद्य सुरक्षा पत्रिका)
३. खाद्य असुरक्षाको जोखिममा परेका मानिसहरूको जनसंख्या अनुमान
४. जिल्ला स्तरमा जिल्लास्तरीय खाद्य सुरक्षा सूचना आदान प्रदान मञ्च (जिल्ला खाद्य सुरक्षा सञ्जाल) खाद्य सुरक्षा जानकारी सङ्कलन, आदान प्रदान, मूल्याङ्कन र खाद्य सुरक्षा स्थितिको नक्साङ्कन ।

खाद्य सुरक्षा चरण वर्गीकरणले खाद्य सुरक्षाको पाँच चरणलाई छुट्याएको छ : (क) सामान्यतया खाद्य सुरक्षित अवस्था (ख) मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था (ग) उच्चतम खाद्य असुरक्षित अवस्था (जीविकोपार्जनका स्रोत सम्पतिहरू बेचबिखन गर्नुपर्ने अवस्थाको शुरूवात) (घ) गम्भीर खाद्य असुरक्षित अवस्था (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था) (ङ) मानवीय आपतकालीन/भोकमरीको अवस्था । पाँच चरणहरू पाँच रङ्ग क्रमशः हरियो, पहेंलो, सुन्तला, रातो र खैरो रङ्गको प्रयोग गरी सङ्केत गरिन्छ ।

कोष्ठक ३

## एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण (IPC) र नेपालको विशिष्ट परिप्रेक्ष्यमा यसको संयोजन

IPC
Integrated Food Security Phase Classification

एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण खाद्य तथा कृषि संगठनद्वारा सोमालियामा खाद्य सुरक्षा अनुगमन र निर्णय प्रक्रियामा सुधारका लागि प्रतिपादित एक औजार र सिद्धान्तहरूको समूह हो । यसले खाद्य सुरक्षा, पोषण र जनजीवनको सूचनालाई सङ्कटको प्रकृति र गम्भीरताको स्पष्ट सूचनामा ढाल्ने र रणनैतिक पहलकदमीको लागि संकेत गर्ने स्तरीय मापनको प्रयोगद्वारा खाद्य सुरक्षाको अवस्था वर्गीकरण गर्न साझा अवधारणा प्रदान गर्दछ । (यस सम्बन्धी विष्तृत जानकारी http://www.ipcinfo.org मा उपलब्ध छ ।)

### नेपालमा एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरणको अवलम्बन

नेपालको परिप्रेक्ष्यमा एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरणलाई संयोजन गर्न भौगोलिक विविधतालाई प्रतिनिधित्व गर्ने गरी चार जिल्लाहरूमा यस प्रयासको विभिन्न पक्षहरूको परिक्षण गरियो : हिमाली भेगको प्रतिनिधित्व गर्दै जुम्ला र दोलखा, पहाडी भेगको प्रतिनिधित्व गर्दै मकवानपुर र तराईको प्रतिनिधित्व गर्दै चितवन । चार महिनाको अवधिमा यस प्रणालीको विभिन्न पक्षहरूबारे प्राविधिक सहमतिमा पुग्न, स्थानीय कार्यकर्ताहरूको क्षमता अभिबृद्धि गर्न र उनीहरूलाई खाद्य सुरक्षा चरण वर्गीकरण सम्बन्धी निर्णय प्रक्रियामा सामेल गराउन नेपाल सरकार र विकास समुदायका सरोकारवालाहरूसँग केन्द्रीय र जिल्लास्तरीय परामर्श भेला आयोजना गरिएको थियो ।

चरणहरूको शब्दावली र तिनीहरूको सामान्य व्याख्या, अनुगमन प्रक्रियालाई अझ बढी सुहाउँदो बनाउन र नेपालको जस्तो द्वन्द्व पश्चात् विकासको परिस्थितिमा अझ बढी सान्दर्भिक बनाउन, एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरणबाट लिइएको हो ।

तालिका ९

## नेपालमा खाद्य सुरक्षा चरण वर्गीकरण

| चरण | अवस्थाको विवरण |
|---|---|
| **सामान्यतया खाद्य सुरक्षित चरण** | सामान्यतया खाद्य उपलब्धता र पहुँचमा पर्याप्तता, परम्परागत रूपमा अपनाइएका खाद्य सुरक्षाका बैकल्पिक उपायहरु जीवन निर्वाहको रणनीतिको रूपमा अपनाइएको अवस्था, प्राकृतिक प्रकोपको समस्याहरु नरहेको, सामान्यतया शान्ति सुरक्षाको स्थिति राम्रो । |
| **मध्यमस्तरीय खाद्य असुरक्षित चरण** | मध्यम रूपमा खाद्य उपलब्धता र पहुँचमा कमी, दीगो खालका खाद्य सुरक्षाका बैकल्पिक उपायहरु अपनाइएको, प्राकृतिक प्रकोपबाट खाद्य र अन्य सम्पत्तिको सजिलै सहन सक्ने खालको क्षति हुने सम्भावना, शान्ति सुरक्षाको स्थिति केही अस्थिर रहेको अवस्था । |
| **उच्चतम खाद्य असुरक्षित चरण (जीविकोपार्जनका स्रोत सम्पतिहरु बेचबिखन गर्नुपर्ने अवस्थाको शुरूवात)** | नियमित र आकस्मिक घटनाले गर्दा खाद्य उपलब्धता र पहुँचमा उच्च कमी, कुपोषणको स्थिति, दीगो नहुने खालका बैकल्पिक खाद्य सुरक्षाका उपायहरूको अवलम्बन, जसले गर्दा जीविकोपार्जनको सम्पत्तिमा चुनौति । प्राकृतिक प्रकोपबाट खाद्य र अन्य सम्पतिको (सहन सक्ने सीमा भित्रका) क्षति हुने सम्भावना, शान्ति सुरक्षाको स्थिति बिग्रदो खालको । |


| चरण | अवस्थाको विवरण |
|---|---|
| **गम्भीर खाद्य असुरक्षित चरण (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था)** | नियमित रूपमा लामो खाद्य सङ्कटले गर्दा खाद्यको उपलब्धता र पहुँचमा गम्भीर कमी, अति उच्चखालको कुपोषणको स्थिति, दीगो नहुने खालका खाद्य सुरक्षाका विकल्पको व्यापक प्रयोग । जीवीकोपार्जनको सम्पतिको गम्भीर रूपमा घट्नु, प्राकृतिक प्रकोपको कारणले समुदायले सहन गाह्रो पर्ने खाद्य र अन्य सम्पतिको क्षति, शान्ति सुरक्षामा उच्चतम अस्थिरता र आवत जावतमा रोकावट वा सङ्कट । |
| **मानवीय आपत्कालीन/भोकमरीको चरण** | अतिउच्च रूपमा खाद्य उपलब्धता र पहुँचमा कमी व्यापक रूपको प्राकृतिक प्रकोप (ठूलो भुकम्प) को कारणले व्यापक रूपमा मानव मृत्यु, खाद्य सुरक्षाका वैकल्पिक उपाय सकिएको । |

## क. नेपालमा खाद्य सुरक्षा अनुगमनमा जिल्ला खाद्य सुरक्षा सञ्जालको भूमिका के हो ?

नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय र विश्व खाद्य कार्यक्रमले संयुक्त रूपमा जिल्ला खाद्य सुरक्षा सञ्जालको निर्माणद्वारा खाद्य सुरक्षा अनुगमन क्षमता जिल्लास्तरमा नै विकास गर्ने प्रक्रिया शुरू गरेको छ । यो प्रयास बृहत् रूपमा खाद्य सुरक्षा अनुगमन र विश्लेषणको पक्षमा राष्ट्रिय क्षमता विकास गर्न लक्षित छ ।

जिल्ला खाद्य सुरक्षा सञ्जालले विश्व खाद्य कार्यक्रमका फिल्ड मनिटरहरूसँग स्थानीय रूपमा जानकारी सङ्कलन कार्य संयुक्त रूपमा गर्दछन् । तथ्याङ्क सङ्कलन पश्चात् त्यसलाई सम्पादनका जाँच गरिन्छ र जिल्ला खाद्य सुरक्षा सञ्जालको भेलामा विश्लेषण गरिन्छ ।

धेरै जसो जिल्ला खाद्य सुरक्षा सञ्जालको एक प्राविधिक कार्य समूह हुन्छ जसले कामको प्राविधिक रूपमा गुणस्तरीयता सुनिश्चितता गर्ने, जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठक सञ्चालन र उपर्युक्त तालिकाहरू/औजारहरू प्रयोग गरी खाद्य सुरक्षा चरण वर्गीकरण कार्य सम्पन्न गर्दछन् ।



खेत्रा तालिका र नक्साहरू जिल्ला स्तरमा सम्पूर्ण सरोकारवालाहरूको भेला (खाद्य सुरक्षा सञ्जालको बैठक) मा छलफल गरी अन्तिम रूप दिइन्छ र राष्ट्रिय स्तरको विश्लेषण र त्रैमासिक खाद्य सुरक्षा पत्रिकामा समावेश गर्नका लागि त्यसलाई केन्द्रीय विश्लेषण इकाइ काठमाडौंमा पठाइन्छ ।

# १.३ जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन प्रक्रियामा प्रयोग गरिने विश्लेषणात्मक औजारहरूको संक्षिप्त विवरण[९]

खाद्य सुरक्षा अनुगमन गर्दा चार मुख्य औजारहरू प्रयोग गरिन्छन् – सन्दर्भ तालिका, विश्लेषण तालिका, संश्लेषण तालिका र चरण वर्गीकरण नक्सा । यस भागमा खाद्य सुरक्षा अनुगमनमा प्रयोग हुने औजारहरूको छोटो समीक्षा गरिने छ ।

## *क. खाद्य सुरक्षा सन्दर्भ तालिका*

सन्दर्भ तालिका खाद्य सुरक्षा अनुगमन र विश्लेषण प्रक्रियाको हरेक चरणमा प्रयोग हुने मुख्य औजार हो । यसमा ७ महल र १२ वटा सन्दर्भ सूचकहरू (क) हुन्छन् जुन ५ वटा खाद्य सुरक्षाका चरणहरूसँग सम्बन्धित हुन्छन् र कुनै खास गाविसलाई कुन चरणमा राख्ने भन्ने कुराको निर्धारण गर्नको लागि मद्दत गर्दछन् । ५ चरणहरू (ख) सन्दर्भ तालिकाको शीर्ष भागमा राखिएको छ । हरेक सन्दर्भ सूचकसँग खाद्य सुरक्षा चरणसँग सम्बन्धित परिमाणात्मक सीमा (ग) हुन्छ ।

सन्दर्भ तालिकाले मुख्य सूचकहरूको परिमाणात्मक सीमाद्वारा खाद्य सुरक्षाका पाँच चरणहरू वर्णन गर्दछ (सामान्यतया खाद्य सुरक्षादेखि मानवीय आपत्कालीन अवस्था/भोकमरीसम्म) । यसले विश्लेषणकर्तालाई कसरी विभिन्न किसिमका जानकारीहरू एक आपसमा र कुनै क्षेत्रको निश्चित चरण वर्गीकरणसँग कसरी सम्बन्धित हुन्छन् भन्ने कुरामा बिचार गर्न सहयोग गर्दछ ।

**कृपया विस्तृत विवरणको लागि यस पुस्तिकाको व्यवहारिक भागमा हेर्नुहोला । यसमा १२ सूचकहरूको विस्तृत व्याख्या पनि समावेश गरिएको छ ।**

---

९ यस अध्यायले विधि तथा औजारहरूको साधारण व्याख्या मात्र दिन्छ । यसलाई कसरी प्रयोग गर्ने भन्ने बारेमा पाठकहरूले भाग २ मा हेर्नुहोला ।

तालिका २

# खाद्य सुरक्षा सन्दर्भ तालिका

| क) सन्दर्भ सूचकहरु | | | ख) खाद्य सुरक्षा चरण | | | | | ग) परिमाणात्मक सीमा |
|---|---|---|---|---|---|---|---|---|
| सन्दर्भ सूचकहरु | | | पहिलो चरण<br>**सामान्यतया खाद्य सुरक्षित अवस्था** | दोस्रो चरण<br>**मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था** | तेस्रो चरण<br>**उच्चतम खाद्य असुरक्षित अवस्था (जीविकोपार्जनका स्रोत सम्पत्तिहरु बेचबिखन गर्नुपर्ने अवस्थाको शुरुवात)** | चौथौ चरण<br>**गम्भीर खाद्य असुरक्षित अवस्था (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था)** | पाँचौ चरण<br>**मानवीय आपत्कालीन/ भोकमरीको अवस्था** | अवलोकन |
| **खाद्य वस्तुको उपलब्धता** | १ | **अन्नबाली उत्पादन/ अवस्था** | त. १०-२०% सम्म सामान्यभन्दा कम* प+हि. १०% सम्म सामान्यभन्दा कम । | त. २०-४०% सम्म सामान्यभन्दा कम८ प+हि. १०-३०% सम्म सामान्यभन्दा कम । | त. ४०-६०% सम्म सामान्यभन्दा कम* प+हि. ३०-५०% सम्म सामान्यभन्दा कम । | त. ६०-८०% सम्म सामान्यभन्दा कम* प+हि. ५०-७०% सम्म सामान्यभन्दा कम । | त. >८०% सामान्यभन्दा कम* प+हि. >७०% सामान्यभन्दा कम । | * कृषकहरुको अपेक्षित उत्पादन वा जिल्लास्तरमा ५ वर्षको औसत उत्पादन (प=पहाडमा, हि=हिमालमा, त=तराईमा) |
| | २ | **घरधुरीहरुमा खाद्य सञ्चयको अवस्था** | >५०% घरधुरीमा ३ महिनाभन्दा बढी समयको लागि खाद्यवस्तुको सञ्चय । | त. >५०% घरधुरीमा १–३ महिनासम्मको लागि खाद्यवस्तुको सञ्चय प+हि. >५०% घरधुरीमा २–३ महिनासम्मको लागि खाद्यवस्तुको सञ्चय । | त. >३०% घरधुरीमा <१ महिनाको लागि खाद्यवस्तुको सञ्चय । प+हि. >३०% घरधुरीमा १–२ महिनाको लागि खाद्यवस्तुको सञ्चय । | तः ३०-५०% घरधुरीमा खाद्यवस्तुको सञ्चय सकिएको प+हि. ३०-५०% घरधुरीमा <१ महिनाको लागि मात्र खाद्यान्न सञ्चय भएको । | >५०% घरधुरीमा खाद्यान्न सञ्चय सकिएको । | |
| | ३ | **प्रमुख बजारमा मुख्य खाद्यान्नको सञ्चय** | सञ्चय सामान्य रहेको (सञ्चय राम्रो अवस्थामा र आपूर्ति मागलाई पूरा गर्न पर्याप्त) | सञ्चय घट्दै गएको तर पनि आपूर्तिले मागलाई पूरा गर्न पर्याप्त | सञ्चय निकै कम, आंशिकरुपमा मात्र मागलाई पूरा गर्नसकेको | सञ्चय नरहेको | सञ्चय नरहेको, बजार सञ्चालनमा नरहेको | चरण २ र ३ मा घटेको ५ को परिमाण पनि उल्लेख गर्न सम्भव छ (जस्तै ४०%सम्म कम वा ४०% भन्दा बढीले कम) |
| **खाद्यान्नको पहुँच** | ४ | **जिल्लाभित्र ज्यालादारी रोजगारीको अवसर** | सामान्य स्थितिमा रहेको*** | सामान्य स्थितिको भन्दा १०-३०%ले कम भएको *** | सामान्यस्थितिको भन्दा ३०-५०% ले कम भएको *** | अवसरहरु >५०% ले कम भएको वा अवसर नै नरहेको | अवसर नरहेको | ***सामान्य रोजगारीको अवस्था जनसमुदायको अवधारणामा आधारित |
| | ५ | **गैर काष्ठ वन पैदावार, नगदे बाली वा अन्य कृषिजन्य उत्पादनको बिक्री** | सामान्य स्थितिको आम्दानी रहेको*** | सामान्य स्थितिको भन्दा ३०% ले आम्दानी कम भएको | सामान्य स्थितिको भन्दा ३०-६०% ले आम्दानी कम भएको | >६०% ले आम्दानी कम भएको | बेचबिखन छैन । | ***सामान्य आम्दानीको अवस्था जनसमुदायको अवधारणामा आधारित |
| | ६ | **चामलको बजारभाउ** | घटेको, स्थिर वा बजार भाउ सामान्यभन्दा १०% सम्म वृद्धि । | सामान्य बजारभाउभन्दा १०-२० % ले वृद्धि भएको | सामान्य बजारभाउभन्दा २०-४०% ले वृद्धि भएको । | सामान्य बजारभाउभन्दा ४०-८०% ले वृद्धि भएको । | सामान्य बजारभाउभन्दा ८०-१००% ले वृदि भएको । | गएको वर्षको सोही समयको औसत मूल्यमा आधारित । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **खतराजन्य अवस्था** | ७ | **प्राकृतिक प्रकोप** | प्राकृतिक प्रकोपको घटना नभएको वा घटना भएको अवस्थामा पनि <२०% सम्म सञ्चित खाद्यवस्तु वा चलअचल सम्पत्तिको क्षति भएको । | प्राकृतिक प्रकोपको घटनाले २०-३०% सम्म सञ्चित खाद्यान्न एवं चलअचल सम्पत्तिको क्षति भएको । | प्राकृतिक प्रकोपको घटनाले ३०-५०% सम्म सञ्चित खाद्यान्न /चलअचल सम्पत्तिको क्षति र जनधनको क्षति | प्राकृतिक प्रकोपको घटनाले >५०% सम्म सञ्चित खाद्यान्न/ चलअचल सम्पत्तिको क्षति र जनधनको क्षति | बृहत्स्तरको प्राकृतिक प्रकोप (भूकम्प, बाढीपहिरो) ले पूर्णरूपले भौतिक संरचना तथा जग्गाजमिनमा क्षति पुऱ्याएको वा मानवीय क्षति हुनाका साथै व्यापक मानवीय विस्थापन गराएको | चलअचल सम्पत्ति भन्नाले चौपाया, घर जग्गा, कृषि औजारहरु आदि |
| **बसाइ-सराइ** | ८ | **बसाइ-सराइ** | पारम्परिक मौसमी बसाइ-सराइ १०%ले वृद्धि | पारम्परिक मौसमी बसाइ-सराइ १०-२०%ले वृद्धि | पारम्परिक मौसमी बसाइ-सराइ २०-४०%ले वृद्धि | पारम्परिक मौसमी बसाइ-सराइ >४०%ले वृद्धि | बृहत्स्तरको बसाइ-सराइ | ***जनसमुदायको अवधारणामा आधारित |
| **निर्वाह पद्धति** | ९ | **निर्वाह पद्धति** | जीविकोपार्जनको पारम्परिक निर्वाह पद्धति (बसाइ-सराइ, ज्यालादारी, गैरकाष्ठ वन उत्पादनको बिक्री, कन्दमूलको उपभोग) | दैनिक आहार व्यवहारमा परिवर्तन (खानाको परिमाणमा कमी, कम मनपर्ने खाना); खाद्यान्न तथा पैसा सापट, पैंचो, चलअचल सम्पत्तिको बेचबिखन) | भविष्यमा परिपूर्ति नहुने किसिमको निर्वाह पद्धतिको शुरुवात (चौपाया, बीज–बिजन, घरजग्गा बेचबिखन, खानाको छाक बिराउने) | भविष्यमा परिपूर्ति नहुने निर्वाह पद्धतिको चरम अवस्था (अत्यधिक मात्रामा चौपाया बेचबिखन, लुटपाट, झगडा, कन्दमूलमा मात्र आश्रित) | निर्वाह पद्धतिमा पूर्णरूपले ह्रास आई भोकमरीको अवस्था सिर्जना भएको | |
| **खाद्यवस्तुको उपयोग** | १० | **बालबालिकाहरूमा (५ वर्ष-मुनिका) कुपोषणको अवस्था** | X | X | १०-१५% सम्म रहेको | >१५% रहेको | >३०% रहेको | यदि अन्य सूचकले तेस्रो र चौथो अवस्थामा भएको संकेत दिएमा मात्र मापन गर्ने (फिल्ड मनिटरद्वारा MUAC मापन गर्ने) |
| | ११ | **रोगव्याधि** | रोगव्याधि उल्लेख्य रूपमा नरहेको | पर्याप्त रोगव्याधि; नियन्त्रणमा रहेको | संक्रमणको प्रकोप बढ्दो अवस्था | महामारी फैलिएको | महामारी फैलिएको | |
| **नागरिक सुरक्षा** | १२ | **नागरिक सुरक्षा** | सामान्य शान्तिपूर्ण स्थिति रहेको । | सुरक्षाको स्थिति बिग्रदो अवस्थामा (बन्द र चक्का जाम निरन्तर ७ देखि १५ दिन प्रति ३ महिनामा) | आवतजावत बन्द (बन्द र चक्का जाम निरन्तर १५ देखि ३० दिन प्रति ३ महिनामा) | आवतजावत बन्द (बन्द र चक्का जाम निरन्तर ३० दिन भन्दा बढी प्रति ३ महिनामा) | द्वन्द्वको चरमस्थिति तथा मानवीय विस्थापनको अवस्था । | |

## ख. खाद्य सुरक्षा विश्लेषण तालिका

खाद्य सुरक्षा विश्लेषण तालिका मुख्य सूचनाहरूलाई व्यवस्थित तथा पारदर्शी रूपमा प्रस्तुत गर्ने तालिका हो । यसले चरण वर्गीकरणलाई प्रमाणित गर्नको लागि र आवश्यक कार्यक्रमको विश्लेषणलाई निर्देशन दिनको लागि विश्लेषण प्रक्रियामा सहयोग गर्दछ । एउटा विश्लेषण तालिका एकै किसिमको खाद्य सुरक्षाका लक्षणहरू भएका गाविसहरूको समूहको लागि तयार गरिन्छ । विश्लेषण तालिकामा सूचक र परिमाणात्मक सीमा (क) सूचनाहरूको स्रोत र विश्वसनीयता (ख) र सम्पूर्ण सूचकहरूको पूर्वानुमान सम्बन्धी सूचनाहरू (ग) समावेश गरिन्छ । अन्तत विश्लेषण तालिकाले गाविसहरूको समूहको समग्र चरण वर्गीकरणको सूचना प्रदान गर्नुका साथै खाद्य सुरक्षाको सम्भाव्य परिमाणामको पूर्वानुमान र उल्लेखित अवस्थाको प्रत्यक्ष र आधारभूत कारणहरू (घ) पनि प्रदान गर्दछ ।

**कृपया विस्तृत विवरणको लागि यस पुस्तिकाको व्यवहारिक भागमा हेर्नुहोला ।**

तालिका ३

# खाद्य सुरक्षा विश्लेषण तालिका

जिल्ला : प्रतिवेदन अवधि : पूर्वानुमान अवधि :

समान खाद्य सुरक्षा स्थित भएका गाविसहरु : जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठक मिति :

| (१) सूचक र परिमाणात्मक सीमा | | (२) सूचनाको स्रोत, विश्वसनीयता र टिप्पणी | | | | | (४) हरेक सूचकको पूर्वानुमान र टिप्पणी | | (३) समग्र खाद्य सुरक्षा चरण वर्गीकरणको विस्तृत विवरण | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सन्दर्भ सूचकहरु | सूचनाको स्रोत | | विश्वसनीयता | | टिप्पणी | प्रत्येक सूचकको पूर्वानुमान | टिप्पणी | समग्र खाद्य सुरक्षा स्थितिको निर्धारित चरण | जनसंख्या |
| | | स्रोत | मिति | √ | x | | | | | |
| बाली १ उत्पादन र स्थिति | तराईमा १०-२०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०% सम्म सामान्यभन्दा कम | | | | | | | | १ | |
| | तराईमा २०-४०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०-३०% सम्म सामान्य भन्दा कम | | | | | | | | २ | |
| | तराईमा ४०-६०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा ३०-५०% सम्म सामान्यभन्दा कम | | | | | | | | ३ | |
| | तराईमा-६०-८०% सम्म सामान्यभन्दा कम; पहाड, हिमालमा ५०-७०% सम्म सामान्यभन्दा कम | | | | | | | | ४ | |
| | तराईमा ८०% भन्दा बढीले सामान्यभन्दा कम; पहाड र हिमालमा ७०% भन्दा बढीले सामान्यभन्दा कम | | | | | | | | ५ | |
| बाली २ उत्पादन र स्थिति | तराईमा १०-२०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०% सम्म सामान्यभन्दा कम | | | | | | | | (३) समग्र खाद्य सुरक्षा स्थिति निर्धारण सम्बन्धी टिप्पणी | |
| | तराईमा २०-४०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०-३०% सम्म सामान्यभन्दा कम | | | | | | | | | |
| | तराईमा ४०-६०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा ३०-५०% सम्म सामान्य भन्दा कम | | | | | | | | | |
| | तराईमा ६०-८०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा ५०-७०% सम्म सामान्यभन्दा कम | | | | | | | | | |
| | तराईमा ८०% भन्दा बढीले सामान्यभन्दा कम; पहाड र हिमालम ७०% भन्दा बढीले सामान्यभन्दा कम | | | | | | | | | |

| | सन्दर्भ सूचकहरु | सूचनाको स्रोत | | विश्वसनीयता | | टिप्पणी | प्रत्येक सूचकको पूर्वानुमान | टिप्पणी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्रोत | मिति | √ | x | | | | |
| घरधुरीहरुमा खाद्य सञ्चयको अवस्था | ५०% भन्दा बढी घरधुरीहरुमा ३ महिना भन्दा बढिको खाद्यवस्तुको सञ्चय | | | | | | | | (३) समग्र विश्वसनीयताको स्थिति (√=विश्वसनीय x=अपुष्ट) |
| | तराईमा ५०% भन्दा बढी घरहरुमा १-३ महिनासम्मको खाद्यवस्तुको सञ्चय; पहाड, हिमालमा ५०% भन्दा बढी घरहरुमा २-३ महिनाको खाद्यवस्तुको सञ्चय) | | | | | | | | |
| | तराईमा ३०% भन्दा बढी घरहरुमा १ महिना भन्दा कम खाद्यवस्तुको सञ्चय; पहाड र हिमालमा ३०% भन्दा बढी घरह घरहरुमा १-२ महिनाको खाद्यवस्तुको सञ्चय) | | | | | | | | |
| | तराईमा ३०-५०% घरहरुमा खाद्य सञ्चय सकिएको; पहाड र हिमालमा ३०-५०% घरहरुमा १ महिनाभन्दा कमको खाद्य सञ्चय) | | | | | | | | |
| | ५०% भन्दा बढी घरहरुमा खाद्य सञ्चय सकिएको | | | | | | | | |
| प्रमुख बजारमा मुख्य खाद्यान्नको सञ्चय | सञ्चय सामान्य रहेको (सञ्चय राम्रो अवस्थामा र आपूर्ति मागलाई पूरा गर्न पर्याप्त) | | | | | | | | |
| | सञ्चय घटदै गएको तर पनि आपूर्तिले मागलाई पूरा गर्न पर्याप्त | | | | | | | | |
| | सञ्चय निकै कम, आंशिकरुपमा मात्र मागलाई पूरा गर्न सकेको | | | | | | | | |
| | सञ्चय नरहेको | | | | | | | | |
| | सञ्चय नरहेको, बजार सञ्चालनमा नरहेको | | | | | | | | |
| जिल्लाभित्र ज्यालादारी रोजगारीका अवसरहरु | सामान्य स्थितिमा रहेको | | | | | | | | (५) समग्र खाद्य सुरक्षा स्थितिको पूर्वानुमान ↑→↓ |
| | सामान्य स्थितिकोभन्दा १०-३०% ले कम भएको | | | | | | | | |
| | सामान्य स्थितिकोभन्दा ३०-५०% ले कम भएको | | | | | | | | |
| | अवसरहरु ५०% भन्दा बढीले अवसर घटेको वा अवसर नरहेको | | | | | | | | |
| | अवसर नरहेको | | | | | | | | |
| गैर काष्ठ वन पैदावार, नगदे बाली र अन्य कृषिजन्य उत्पादनको बिक्री | सामान्य स्थितिको आम्दानी रहेको | | | | | | | | (५) समग्र खाद्य सुरक्षा स्थितिको पूर्वानुमान सम्बन्धी टिप्पणी |
| | सामान्य स्थितिकोभन्दा ३०% ले आम्दानी कम भएको | | | | | | | | |
| | सामान्य स्थितिकोभन्दा ३०-६०% ले आम्दानी कम भएको | | | | | | | | |
| | ६०% भन्दा बढीले ले आम्दानी कम भएको | | | | | | | | |
| | बेचबिखन छैन | | | | | | | | |
| चामलको बजार भाउ | घटेको, स्थिर वा सामान्यभन्दा १०% सम्म वृद्धि | | | | | | | | |
| | सामान्य बजारभाउभन्दा १०-२०% ले वृद्धि भएको | | | | | | | | |
| | सामान्य बजारभाउभन्दा २०-४०% ले वृद्धि भएको | | | | | | | | |
| | सामान्य बजारभाउभन्दा ४०-८०% ले वृद्धि भएको | | | | | | | | |
| | सामान्य बजारभाउभन्दा ८०-१००% ले वृद्धि भएको | | | | | | | | |

| | सन्दर्भ सूचकहरु | सूचनाको स्रोत | | विश्वसनीयता | | टिप्पणी | प्रत्येक सूचकको पूर्वानुमान | टिप्पणी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्रोत | मिति | √ | x | | | | |
| **प्राकृतिक प्रकोप** | प्राकृतिक प्रकोपको घटना नभएको वा घटना भएको अवस्थामा पनि २०% भन्दा कम सञ्चित खाद्यवस्तु वा चलअचल सम्पत्तिको क्षति भएको | | | | | | | | **(६) खाद्य असुरक्षाको तत्कालीन कारणहरु :**<br>क. खडेरी<br>ख. बाढी<br>ग. असिना<br>घ. ढिलो/छिटो वर्षाको स्थिति<br>ङ. पहिरो<br>छ. अस्तव्यस्त बजार/महंगो बजार भाउ<br>च. अन्नबालीमा रोग<br>ज. सामाजिक सुरक्षा<br>झ. रोग ब्याधिको संक्रमण<br>ञ. बेरोजगारी<br>ट. अन्य (हावा हुरी) |
| | प्राकृतिक प्रकोपको घटनाले २०-३०% सम्म सञ्चित खाद्यवस्तु वा चलअचल सम्पत्तिको क्षति भएको | | | | | | | | |
| | प्राकृतिक प्रकोपको घटनाले ३०-५०% सम्म सञ्चित खाद्यान्न, चलअचल सम्पत्तिको क्षति र जनधनको क्षति | | | | | | | | |
| | प्राकृतिक प्रकोपको घटनाले ५०% भन्दा बढी सम्म सञ्चित खाद्यान्न, चलअचल सम्पत्तिको क्षति र जनधनको क्षति | | | | | | | | |
| | वृहत्स्तरको प्राकृतिक प्रकोप (भूकम्प,बाढीपहिरो) ले पूर्णरुपले भौतिक संरचना तथा जग्गाजमिनमा क्षति पुऱ्याएको वा मानवीय क्षति हुनाको साथै व्यापक मानवीय विस्थापन गराएको | | | | | | | | |
| **बसाइ-सराइ** | पारम्पारिक मौसमी बसाइ-सराइ १०% ले बृद्धि | | | | | | | | |
| | पारम्पारिक मौसमी बसाइ-सराइ १०-२०% ले वृद्धि | | | | | | | | |
| | पारम्पारिक मौसमी बसाइ-सराइ २०-४०% ले वृद्धि | | | | | | | | |
| | पारम्पारिक मौसमी बसाइ-सराइ ४०% भन्दा बढीले वृद्धि | | | | | | | | |
| | बृहत्स्तरको बसाइ-सराइ | | | | | | | | |
| **निर्वाह पद्धति** | जीविकोपार्जनको पारम्परिक निर्वाहपद्धती (बसाइ-सराइ, ज्यालादारी, गैरकाष्ठ वन पैदावारको बिक्री, कन्दमूलको उपभोग) | | | | | | | | |
| | दैनिक आहारव्यवहारमा परिवर्तन (खानाको परिमाणमा कमी, मनपरेको खाना कम मात्रामा); खाद्यान्न तथा पैसा सापट, पैंचो, चलअचल सम्पत्तिको बेचबिखन) | | | | | | | | |
| | भविष्यमा परिपूर्ति नहुने किसिमको निर्वाह पद्धतिको शुरूवात (चौपाया, बीज–बिजन, घरजग्गा बेचबिखन, खानाको छाक बिराउने) | | | | | | | | |
| | भविष्यमा परिपूर्ति नहुने निर्वाह पद्धतिको चरम अवस्था (अत्यधिक मात्रामा चौपाया बेचबिखन, लुटपाट, झगडा, कन्दमूलमा मात्र आश्रित) | | | | | | | | |
| | निर्वाह पद्धतिमा पूर्णरुपले ह्रास आई भोकमरीको अवस्था र्सिजना भएको | | | | | | | | |

| सन्दर्भ सूचकहरु | | सूचनाको स्रोत | | विश्वसनीयता | | टिप्पणी | प्रत्येक सूचकको पूर्वानुमान | टिप्पणी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्रोत | मिति | √ | x | | | | |
| बालबालिका हरुमा (५ वर्ष मुनिका) कुपोषणको अवस्था (दुब्लाएका) | x | | | | | | | | **(६) खाद्य असुरक्षाको अन्तरनिहित कारणहरु**<br>क. सिँचाइ सुविधा नहुनु<br>ख. बाटोको सुविधा नहुनु<br>ग. उपलब्ध जग्गा<br>घ. अपर्याप्त जग्गा<br>घ. जनचेतना/शिक्षा<br>ङ. अन्य – |
| | x | | | | | | | | |
| | १०-१५% रहेको | | | | | | | | |
| | १५% भन्दा बढी रहेको | | | | | | | | |
| | ३०% भन्दा बढी रहेको | | | | | | | | |
| रोग ब्याधि | रोगव्याधि उल्लेख्य रुपमा नरहेको | | | | | | | | |
| | पर्याप्त रोगव्याधि, नियन्त्रणमा रहेको | | | | | | | | |
| | संक्रमणको प्रकोप बढ्दो अवस्था | | | | | | | | |
| | महामारी फैलिएको | | | | | | | | |
| | महामारी फैलिएको | | | | | | | | |
| नागरिक सुरक्षा | सामान्य शान्तिपूर्ण स्थिति रहेको । | | | | | | | | |
| | सुरक्षाको स्थिति बिग्रदो अवस्थामा (बन्द र चक्का जाम निरन्तर ७ देखि १५ दिन प्रति ३ महिनामा) | | | | | | | | |
| | आवतजावत बन्द (बन्द र चक्का जाम निरन्तर १५ देखि ३० दिन प्रति ३ महिनामा) | | | | | | | | |
| | आवतजावत बन्द (बन्द र चक्का जाम निरन्तर ३० दिन भन्दा बढि प्रति ३ महिनामा) | | | | | | | | |
| | द्वन्द्वको चरम स्थिति तथा मानवीय विस्थापनको अवस्था । | | | | | | | | |

नोट : v = विश्वसनीय; x = अपुष्ट

# ग. जिल्ला खाद्य सुरक्षा संश्लेषण तालिका

जिल्ला खाद्य सुरक्षा संश्लेषण तालिकाले गाविसहरूको समूहगतरूपमा खाद्य सुरक्षाको स्थिति, कारण, पूर्वानुमान निर्धारण गर्नुको कारण र गएको त्रैमासिकको सन्दर्भमा हाल भएका परिवर्तनहरूको सूचनालाई संक्षेपीकरण गर्न स्थान प्रदान गर्दछ (तालिका ४) । **कृपया विस्तृत विवरणको लागि यस पुस्तिकाको व्यवहारिक भागमा हेर्नुहोला ।**


# घ. खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा

खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा विभिन्न उपभोगकर्ताहरूलाई खाद्य सुरक्षाको अवस्था सरल र पारदर्शी तवरमा प्रस्तुत गर्ने एक महत्वपूर्ण औजार हो । यो नक्सा विभिन्न चरणको भौगोलिक वितरणको अवस्था र आगामी अनुगमन चक्रको पूर्वानुमान देखाउन प्रभावकारी छ । खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा दुई किसिमका छन् :

१. जिल्ला खाद्य सुरक्षा सञ्जालद्वारा तयार पारिने जिल्ला खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा ।
२. काठमाडौंको केन्द्रीय विश्लेषण इकाइद्वारा तयार पारिने राष्ट्रिय खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा ।

नक्साले खाद्य असुरक्षाको जोखिममा पर्ने जनसमुदायको अनुमानित संख्या र खाद्य असुरक्षाको प्रत्यक्ष र आधारभूत कारणहरू पनि देखाउँछ । **तालिकाहरूलाई कसरी प्रयोग गर्ने भन्नेबारेमा विस्तृत जानकारीको लागि यस पुस्तिकाको व्यवहारिक भागमा हेर्नुहोला ।**

चित्र ९
## जिल्ला खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा



तालिका ४

## खाद्य सुरक्षा संश्लेषण तालिका

**जिल्ला :** **पूर्वानुमान अवधि :**


**जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठक मिति :** **प्रतिवेदन अवधि :**

| खाद्य सुरक्षा चरण (१, २, ३, ४, ५) | समूह (क, ख, ग, -) | अवस्था विश्लेषण (कृपया मुख्य सूचकहरूबारे उल्लेख गर्नुहोस् । बाली उत्पादन र स्थिति, घर मा अनाजको सञ्चिति, मुख्य खाद्य पदार्थको बजारमा सञ्चय, ज्याला र अन्य रोजगारीका अवसरहरु आदि) | कारणहरु (कृपया सान्दर्भिक कारणहरु उल्लेख गर्नुहोस् जस्तै बाली बिग्रनु, प्राकृतिक प्रकोप, बेरोजगारी, मूल्य वृद्धि आदि) | पूर्वानुमान (↑→↓) | कारणहरु (बाली उत्पादनले घरको अनाज सञ्चयमा असर, बजारको मूल्य, मानवीय सहयोग आदि) | गत त्रैमासिकको सन्दर्भमा के परिवर्तन भएको छ । |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

**समान खाद्य सुरक्षाको चरणमा रहेका गाविसको समूहः**

चित्र २

## राष्ट्रिय खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा



# १.४ जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन प्रक्रिया (एक समीक्षा)

यस चित्रले जिल्लास्तरीय खाद्य सुरक्षा र अनुगमनको विभिन्न चरणहरू प्रस्तुत गर्दछ ।

१) जिल्लास्तरीय खाद्य सुरक्षा सञ्जाल स्थापना ।
   यसबारे प्रशिक्षकको निर्देशिकामा समावेश गरिएको छ ।

२) खाद्य सुरक्षा अनुगमनको सन्दर्भमा क्षमता वृद्धि ।
   यसबारे प्रशिक्षकको निर्देशिकामा समावेश गरिएको छ ।

३) सम्पूर्ण सान्दर्भिक तथ्याङ्कहरू सङ्कलन र समायोजन गर्ने ।
   यसबारे व्यवहारिक खण्डको अध्याय १ मा समावेश गरिएको छ ।

४) प्रमाणहरूको मूल्याङ्कन/विश्लेषण ।
   यसबारे व्यवहारिक खण्डको अध्याय २ मा समावेश गरिएको छ ।


५) चरण वर्गीकरणको सहभागितात्मक पुनरावलोकन ।
   यसबारे व्यवहारिक खण्डको अध्याय ३ मा समावेश गरिएको छ ।

६) केन्द्रीय विश्लेषण इकाइमा जानकारीको सम्प्रेषण

यसबारे व्यवहारिक खण्डको अध्याय ४ मा समावेश गरिएको छ ।

चित्र ३

जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन कार्यान्वयनका चरणहरु



तालिका ७

## त्रैमासिक खाद्य सुरक्षा अनुगमनको समय तालिका

| कार्यान्वयन चरण | उद्देश्य | अपेक्षित नतिजा | समयावधि |
|---|---|---|---|
| सम्पूर्ण सान्दर्भिक तथ्याङ्कहरु सङ्कलन र एकत्रित गर्ने | जिल्ला त्रैमासिक तथ्याङ्क सङ्कलन योजना अनुरूप तथ्याङ्कहरु सङ्कलन गर्नु । | जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरूले खाद्य सुरक्षा जानकारी आदान प्रदान फारम भर्ने र कार्य समूहबाट समीक्षा । | हरेक त्रैमासिक चक्रको पहिलो दश हप्ता भित्र |
| जानकारीहरूको मुल्याङ्कन/विश्लेषण | विश्लेषणका औजारहरु प्रयोग गरी तथ्यमा आधारित खाद्य सुरक्षा विश्लेषण प्रक्रिया सञ्चालन गर्नु । | खाद्य सुरक्षा विश्लेषण तालिका, संश्लेषण तालिका, खाद्यसुरक्षा चरण वर्गीकरण नक्सा हरूको मस्यौदा रूप तयार । | हरेक त्रैमासिक चक्रको एघारौं हप्ता |
| प्रतिवेदनलाई सहभागितात्मक पुनरावलोकन गर्ने | खाद्य सुरक्षा चरण वर्गीकरण सम्बन्धी जिल्लाका सरोकारवालाहरु बीच प्राविधिक सहमति निर्माण गर्नु । | जिल्ला खाद्य सुरक्षा सञ्जालको त्रैमासिक भेला सञ्चालन र खाद्य सुरक्षा विश्लेषण तालिका, संश्लेषण तालिका, खाद्य सुरक्षा चरण वर्गीकरण नक्साहरु अनुमोदन । | हरेक त्रैमासिक चक्रको बाह्रौं हप्ता |
| जानकारीहरु केन्द्रीय विश्लेषण इकाइमा सम्प्रेषण गर्ने | केन्द्रीय विश्लेषण इकाइसँग प्रभावकारी ढङ्गमा जानकारीहरु आदान प्रदान गर्नु । | अन्तिम खाद्य सुरक्षा विश्लेषण तालिका, संश्लेषण तालिका, खाद्य सुरक्षा चरण वर्गीकरण नक्साहरु केन्द्रीय विश्लेषण इकाइमा सम्प्रेषण । | हरेक त्रैमासिक चक्रको तेह्रौं हप्ता |

# १.५ पुनरावलोकन अभ्यास : आफूलाई जाँच गर्नुहोस्

तपाईंले जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमनको व्यवहारिक तालिम पुस्तिका शुरू गर्नु अघि कृपया तल दिइएको प्रश्नहरूको उत्तर दिने प्रयास गर्नुहोस् ।

१) खाद्य सुरक्षाका चार आयामहरू के के हुन् ?
- ➔
- ➔
- ➔
- ➔

२) के तपाईं खाद्य सुरक्षा अनुगमन आवश्यक हुनुको कुनै तीन कारणहरू बताउन सक्नुहुन्छ ?
- ➔
- ➔
- ➔
- ➔

३) खाद्य सुरक्षा चरण वर्गीकरण विश्लेषणका लागि प्रयोग गरिने चार मुख्य औजारहरू के के हुन् ?
- ➔
- ➔
- ➔

४) खाद्य सुरक्षा सन्दर्भ तालिकामा समावेश गरिएका १२ वटा सूचकहरू के के हुन् ?
- ➔
- ➔
- ➔

*नतिजाको लागि कृपया अर्को पेजमा हेर्नुहोस् ।*

## उत्तरहरू

१) खाद्य सुरक्षाका चार आयामहरू के के हुन् ?

- उपलब्धता
- पहुँच
- उपयोगिता
- स्थिरता

*न्यूनतम प्राप्ताङ्क : ४ सही उत्तर*

२) खाद्य सुरक्षा अनुगमन आवश्यक हुनुको तीन कारणहरू दिनुहोस् ?

- समाधान गरिनु पर्ने समस्याहरूको स्पष्ट चित्रण गर्न ।
- प्रभावकारी लक्षित कार्यक्रमहरूको योजना निर्माणमा सहयोग पुऱ्याउन ।
- मुख्य सरोकारवालाहरूको बीचमा खाद्य सुरक्षासँग सम्बन्धित समस्याहरू लगायत त्यसको कारण र समाधानहरू समेतको स्थानीय सहमति निर्माण गर्न ।
- प्रयासहरू नदोहोरीओस् भनेर जिल्लाका सरोकारवालाहरूको बीचमा समन्वयमा सुधार गर्न ।
- नेपाल सरकारलाई आपत्कालीन स्थिति वा सम्भावित स्थानीय अवस्था जानकारी गराउन ।
- तथ्याङ्क तयारी अवस्थामा हुने हुनाले आपत्कालीन स्थितिमा उपयुक्त कदमको योजना बनाउन छिटो पहलकदमीको लागि सहयोग पुऱ्याउन ।
- अनुदानित वा आपतकालीन खाद्य भण्डारको व्यवस्थापन प्रभावकारी पार्न ।
- दातृ समुदाय, मानवीय सहयोग तथा विकास निकायलाई सङ्कलित सूचनाद्वारा जिल्लाको अवस्थाको बारेमा ध्यानाकर्षण गराउन ।
- अनुगमन, विश्लेषण र कार्यक्रम निर्माणको परिप्रेक्षमा स्थानीय क्षमता बलियो बनाउन ।
- तथ्याङ्क सङ्कलनको तालमेलले जानकारी सङ्कलन दरिलो बनाई प्रभावकारी रूपमा समय र स्रोत समेत बचाउन ।

*न्यूनतम प्राप्ताङ्क : ३ सही उत्तर*

३) खाद्य सुरक्षा चरण वर्गीकरण विश्लेषण सञ्चालनको लागि प्रयोग गरिने चार मुख्य औजारहरू के के हुन् ?

- खाद्य सुरक्षा सन्दर्भ तालिका ।
- खाद्य सुरक्षा विश्लेषण तालिका
- खाद्य सुरक्षा संश्लेषण तालिका
- खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा

*न्यूनतम प्राप्ताङ्क : ४ सही उत्तर*

४) खाद्य सुरक्षा सन्दर्भ तालिकामा समावेश गरिएका १२ सूचकहरू के के हुन ?

- बाली उत्पादन/अवस्था
- घरधुरीको खाद्य सञ्चिति
- बजारमा मुख्य खाद्य वस्तुको सञ्चिति
- जिल्ला भित्र ज्यालादारी रोजगारीको अवसर
- गैर काष्ठ वनपैदावार, नगदेवाली र अन्य कृषि जन्य वस्तुको विक्री
- चामलको वजार भाउ
- प्राकृतिक प्रकोप
- बसाइ–सराइ
- निर्वाह पद्धति
- बालकुपोषण (५ वर्ष मुनि)
- रोगव्याधि
- नागरिक सुरक्षा

*न्यूनतम प्राप्ताङ्क : ७ सही उत्तर*

**यदि तपाईंले न्यूनतम प्राप्ताङ्क प्राप्त गर्नु भएन भने तपाईंले सैद्धान्तिक भागलाई फेरि एक पटक हेर्नु उचित हुनेछ ।**